# सांस्कृतिक योद्धा
# पूर्णप्रसाद ब्राह्मण



नरेन्द्रराज प्रसाई

# सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राह्मण

(अन्तर्वार्ता)

नइ एकेडेमी

नइ

प्रकाशन

२०५२

# सांस्कृतिक योद्धा

# पूर्णप्रसाद ब्राह्मण

नरेन्द्रराज प्रसाई

प्रकाशक : नइ एकेडेमी
नइटोल– ७, घट्टेकुलो, अनामनगर
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५
मोबाइल : ९८५१०१६८९९, ९८४१२२४५९३
Email : nai.com.np@gmail.com
website : nai.com.np
भाषासंशोधक : लवप्रसाद भण्डारी
अक्षरसाधक : आयुष्मान शाक्य
प्रथम संस्करण : २०८३ साल
मुद्रक : सहारा प्रिन्ट, डिल्लीबजार, मो. ९८५१०७४१३३
नइ कृतिमाला : १९३
मोल : एक सय रुपियाँ
© सुरक्षित, २०८३ (2026)
ISBN : 978-9937-786-28-7
An Interview of Purna Prasad Brahaman by Narendra Raj Prasai

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशन अर्थात् नइ एकेडेमीको स्थापना भएको हो । स्रष्टाद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाउँका अगाडिका अक्षर जोडेर 'नइ एकेडेमी'नामक साहित्यिक, सांस्कृतिक र सामाजिक संस्थाको स्थापना गरिएको हो । यो संस्था नेपाली वाङ्मयप्रेमीहरूको साझा चौतारी पनि हो । 'वसुधैव कुटुम्बकम्'को आदर्शमा आबद्ध नइ एकेडेमी नाफाविहीन गैरराजनीतिक सामाजिक संस्था हो ।

नइ एकेडेमीले सांस्कृतिक मूल्य, मान्यता र धारणालाई शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको खोजी गर्नु, अभिलेख राख्नु र सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नइ एकेडेमीबाट प्राज्ञिक महत्त्वका विभिन्न कार्यहरू हुँदै आएका छन् । नेपाली भाषासाहित्य, कला, संस्कृति, ज्ञानविज्ञान, समाजसेवा, खेलकुदलगायत विविध क्षेत्रका प्रतिभाको उच्च मूल्याङ्कन गर्दै उनीहरूको अर्चना गर्न यो संस्था सदैव अग्रसर छ ।

नइ एकेडेमीको योगदानलाई मूल्याङ्कन गरेर नेपाल सरकारले नइ प्रकाशनको लोगो अङ्कित दस रुपियाँको हुलाक टिकट र नेपाल राष्ट्र बैङ्कले एक सय रुपियाँको सिक्का प्रकाशनमा ल्याएर नइको उच्च कदर गरिदिएकोमा हामी थप प्रोत्साहित भएका छौँ । नेपाल

राष्ट्र बैङ्कबाट नेपाली साहित्यिक संस्थाका नाउँमा सिक्का टकमरी भएको यो नै पहिलो अवसर भएकाले हामीलाई अरू गौरव लागेको छ ।

नइ एकेडेमीका विविध योजनामुताबिक 'सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राह्मण'नामक प्रस्तुत कृति प्रकाशनमा आएको हो ।

संस्कृत र नेपाली साहित्याकाशमा सुप्रसिद्ध साधक पूर्णप्रसाद ब्राह्मण राजनीतिज्ञका रूपमा पनि सुपरिचित थिए । देशभक्त राजनीतिज्ञमा समेत स्थापित उनी राजनीति र साहित्यका प्रखर वक्ता र रचनाकारका रूपमा चिनिन्छन् । संस्कृत र नेपाली वाङ्मयका श्रद्धेय व्यक्तित्वसित अन्तर्वार्ताकारका रूपमा समेत नाउँ कमाएका नरेन्द्रराज प्रसाईले लिएको अन्तर्वार्ताले थप विशेष महत्त्व राख्छ भन्ने हामीलाई लागेको छ ।

संस्कृत र नेपाली साहित्यका महारथी पूर्णप्रसाद ब्राह्मणसित नरेन्द्रराज प्रसाईले २०४१ सालमा लिएको अन्तर्वार्ताले ढिलै भए पनि नइ एकेडेमीको कृतिसूचीमा आबद्ध हुन पाएको छ र यो तथ्य पनि नइका लागि अर्को उपलब्धि हो । यस अन्तर्वार्तामा पूर्णप्रसाद ब्राह्मणको जीवनका विविध धारा र पक्षहरूलाई भेट्न सकिन्छ ।

'सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राह्मण'नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर हो ।

• *नइ एकेडेमी*

# विषयसूची


- **भूमिका** • ९

१. सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राह्मण • २१

- **परिशिष्ट**– १
  पूर्णप्रसाद ब्राह्मणसित २०४१ सालमा लिइएको अन्तर्वार्ताको प्रतिलिपि • ४३

- **परिशिष्ट**– २
  नरेन्द्रराज प्रसाईद्वारा लिखित 'केही चर्चित अनुहारहरू' (२०४२) मा सङ्कलित पूर्णप्रसाद ब्राह्मणको लघु जीवनीको प्रतिलिपि • ५१

# ब्राह्मण गुरुदेव

पूर्णप्रसाद ब्राह्मण नेपालका एउटा इतिहास हुन् । उनी नेपाली वाङ्मयका तपस्वी थिए, उनी महेन्द्रवादी थिए र उनी परम देशभक्त थिए । राजा महेन्द्रको स्वर्गारोहणपछि उनले नपाउनु दुक्ख पाएका थिए । त्यसपछि उनका घरमा बिहान के खाऊँ र बेलुका के खाऊँको अवस्था सिर्जना भएको थियो । तर पनि उनी सदैव राजतन्त्र र पञ्चायती व्यवस्थाकै हिमायती बनिरहे । राजदरबारबाट जति नै अपहेलित भए तापनि उनी एकोहोरो राजभक्तिको भावनामा नै केन्द्रित थिए । उनी राजनीतिमा दूध र पानी छुटचाउन सक्ने विवेकका धनी थिए । तर बेला मौकामा उनी नेपालको राजनीतिक अवस्थाबाट बिच्कने पनि गर्थे । यति हुँदाहुँदै पनि उनी राजा र पञ्चायतको खिलाफमा कहिल्यै पनि गएनन् । उनको चालचलनलाई भने दरबारियाले एक आँखाले देख्न सक्तैन थिए किनभने उनी प्रस्ट व्यवहारका लखपति पनि थिए ।

पूर्णप्रसाद ब्राह्मणसित मेरो किशोरावस्थादेखि नै सम्पर्क थियो । त्यसैले घरीघरी म उनका घरमा पुगिरहन्थेँ । उनी पनि मेरा डेरामा आउने गर्थे । उनी मलाई आफ्नै सन्तानलाई झैँ माया गर्थे । उनको स्नेहले चुलिएर म झन् सारो उनको योगदानको बयानमा भाषण गर्दै हिँडेथेँ । समकालीन पुस्तामा त्यतिखेर म पनि आगो नै खाएर हिँड्थेँ ।

२०४१ साल भदौ १०, ११ र १२ गते मैले पूर्णप्रसाद ब्राह्मणको नालीबेली उनैको मुखबाट टेपमा रेकर्ड गरेको थिएँ । उनीबाट प्राप्त

गरेको जानकारीअनुसार मैले मेरो विद्यार्थी जीवनकालमै 'केही चर्चित अनुहारहरू'नामक जीवनीग्रन्थमा उनको लघु जीवनी पनि छापेको थिएँ । मैले आईए पढिरहेका बेलादेखि जीवनी लेख्न थालें तर मैले एमपीए पढ्न थालेपछि मात्र सो ग्रन्थ प्रकाशनमा आएको थियो ।

'सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राह्मण'नामक प्रस्तुत अन्तर्वार्ताकृतिमा मैले उनीबाट प्राप्त अन्तवार्ता हुबहु प्रस्तुत गरेको छु । साथै उनीबाट प्राप्त टाइपका पृष्ठ र 'केही चर्चित अनुहारहरू' मा लेखेको जीवनी पनि परिशिष्टमा मैले प्रस्तुत गरेको छु । यस कृतिको आवरणमा समाविष्ट गुरुदेवको श्यामश्वेत फोटोलाई एआईको जेमिनीले जीवन्त, आकर्षक र रङ्गीन बनाएर मलाई सहयोग गरेको तथ्य पनि मैले उल्लेख गर्नैपर्छ ।

•

श्रद्धेय गुरुदेव पूर्णप्रसाद ब्राह्मणको 'सत्यहरिश्चन्द्रम्' (महाकाव्य) विषयमा प्रा.डा.नुरापति पोखरेलबाट विद्यावारिधि अनुसन्धान सम्पन्न भएको बेहोरालाई पनि ससम्मान सम्झनै पर्छ ।

•

पूर्णप्रसाद ब्राह्मणबारे २०४९ सालमा 'मेरो मोती पुरस्कार' (निबन्धसङ्ग्रह) को 'बूढाको धोक्रो काँधैमाथि' शीर्षकमा मैले गुरुदेवकेन्द्रित एउटा निबन्ध पनि लेखेको थिएँ । उक्त निबन्धचाहिँ भूमिकैको फेरोमा यसैमा खाम्न मैले सान्दर्भिक ठानेर प्रस्तुत गरेको हुँ । किनभने यो मेरो निबन्धले मेरा गुरुदेव र गुरुदेवबाट प्रदत्त अन्तर्वार्तालाई सग्लो, टड्कारो र चहकिलो बनाउनमा सहयोग पुऱ्याउला भन्ने मैले आशा राखेको छु ।

## बूढाको धोक्रो काँधैमाथि

'डा.ईश्वर बरालले सम्पादन गरेका कृति नेपाली साहित्यप्रेमीहरूले बडो गर्वसाथ सङ्ग्रह गर्ने गरेको पाइन्छ । बरालका सम्पादित ग्रन्थमध्ये एउटा उच्चकोटिको ग्रन्थ 'झ्यालबाट' हो । 'झ्यालबाट'मा एउटा प्रसङ्गको

सम्झनाले बेला बखत मलाई समाउने गर्छ । अथवा 'तिले'का कथाकार पूर्णप्रसाद ब्राह्मणका विषयमा म कहिलेकाहीं भावनामै उड्ने गरेको पनि छु । 'झ्यालबाट'मा पूर्णप्रसाद ब्राह्मणका विषयमा डा.बरालको टिप्पणी सम्झँदा बेलाबेला दिक्क पनि लागेर आउँछ । अथवा जीवन यस्तै रहेछ भन्ने कुण्ठाले आफैँलाई समात्न खोजेको जस्तो लाग्छ । बरालले ब्राह्मणको कथा प्रस्तुत गर्नुअघि ब्राह्मणको परिचयक्रममा लेखेमध्येका प्रमुख कुरा यी पनि थिए–

'...एक दर्जनजति लालाबालाका लालनपालनका समस्याले अनिवार्यत: पिरोलिनुपर्दा तिनको अधिकांश समय नाना व्यावहारिक प्रपञ्चले नै व्यथित भयो ।'

वास्तवमा ब्राह्मणको गतिशील बुद्धि आर्थिक कारणले नै तहसनहस भएको थियो । त्यसपछि न त यिनले आर्थिक अवस्था सुधार्न सके, न त आफ्नो बौद्धिकता प्रदर्शन गर्न सके । भनौँ यिनको भावना गफैले उखेलेर लग्यो । यिनको चाहना आसैले सुकाएर झार्‍यो । अनि यिनको अडान परिस्थितिको हुरीले उडाएर कहाँ हो कहाँ पुर्‍याइदियो ।

म ब्राह्मणका केही आन्तरिक कुराहरूमा पनि चासो राख्थेँ किनभने यी मलाई भेट्नेबित्तिकै सानातिना गनथन पनि गर्थे, ठूलाठूला कुरा पनि झिक्थे अर्थात् यी मसँग आन्द्राभुँडी नै फर्काउँथे । हुन पनि म यिनका सम्पर्कमा नियमितजसो जाने आउने व्यक्तिहरूमध्ये एउटा थिएँ । यिनको बिहान बेलुकाको छाक टार्ने समस्या देखेर म खिन्न हुने गर्थें । यिनको जीवनचर्याका सम्बन्धमा अपशोच प्रकट गर्दै एक दिन मैले ग्रीष्मबहादुर देवकोटालाई पनि भनेको थिएँ, 'ब्राह्मण राजा, देश र पञ्चायत व्यवस्था भन्दाभन्दै भोकै मर्ने भए ।'

पूर्णप्रसाद ब्राह्मणको गरिबीको कथा मैले भेटेजति प्राय: सबैलाई भन्ने गर्थें तर कसैले पनि मेरो कुराको समाधान गरिदिएनन् । वास्तवमा ब्राह्मण जहाँ, जहिले र जससँग पनि राजा राजा भन्थे, देश देश भन्थे

र पञ्चायत पञ्चायत भन्थे, तर उनको महानता कसैले राजाका सामुन्ने पुऱ्याइदिएनन्, बरु अनगन्ती अयोग्य र भ्रष्ट व्यक्तिहरूको नाउँ पनि पुऱ्याइयो । त्यस्तै त्यस्तै व्यक्तिहरूका नाउँले पञ्चायत व्यवस्था ढपक्कै ढाकिएको थियो । तर पूर्णप्रसाद ब्राह्मण पञ्च भएर पनि अपञ्चजस्ता भएका थिए, साहित्यकार भएर पनि असाहित्यकार मानिएका थिए अनि राजभक्त भएर पनि बिरानो भएका थिए । यस्तै थियो पञ्चायत व्यवस्थाभित्र पनि । नातावाद, फरियावाद, कृपावाद अनि चाकरी, चापलुसी र षड्यन्त्र थुप्रिएपछि जस्तोसुकै राम्रो घर पनि भताभुङ्ग हुँदो रहेछ । यस्तो भताभुङ्ग हुनु रहेछ र नै ब्राह्मणजस्ता मान्छेहरू यस मुलुकबाट धमाधम ठगिए, लुटिए र हराइए । छोटकरीमा भन्ने हो भने त्यस बेला देश, नरेश र पञ्चायत भन्ने मान्छे एक्लै पर्थे, तिनीहरू त्यत्तिकै हराउँथे अनि भोकै मर्थे ।

मैले सङ्गत गरेका व्यक्तिहरूको तथ्याङ्क राख्ता प्राय: ६० वर्ष उक्लेका बूढाहरू धेरै रहेका छन् । किन हो कुन्नि, मेरा कुरा तिनीहरूसँग राम्ररी मिल्छ र उनीहरूका कुरा पनि मेरा लागि घतलाग्दा हुन्छन् । त्यसैले पनि होला ब्राह्मणसँगको पनि मेरो भावनाको तराजु उँधोउँभो हुँदैनथ्यो । मैले मात्र होइन, ब्राह्मणका सम्बन्धमा कुरा निक्लँदा यिनलाई धेरैले स्वाभिमानी भनेको मैले सुनेको छु । ब्राह्मणको सबैभन्दा ठूलो गुण उनी प्रस्ट व्यवहारका लखपति थिए । उनी जति प्रस्ट थिए त्यति जाँगरिला पनि थिए । उनको सबैभन्दा प्रिय चीज पञ्चायती व्यवस्था थियो अथवा पञ्चायतका यी कट्टर हिमायती थिए । तर यिनलाई पञ्चायती व्यवस्थाले नै झाडुवाल बनाइदियो । अयोग्य र असक्षम बनाइदियो अथवा जोकर बनाइदियो ।

जे होस्, ब्राह्मण इमानमा नै बाँचे । आफ्नो इमानको प्रदर्शन गरेर नै यी एक पटक प्रमुख निर्वाचन आयुक्त भए । मान्छेहरूका षड्यन्त्रले यी फेरि बर्खास्त भए । ओहदा र शक्तिका लागि यिनले आफ्नो शिर कहिल्यै भाँचेनन् । कसैको ढोका च्याउन हिँडेनन् ।

यिनका विचारमा कर्मचारीको चाकरी गरेर राजनीतिक नियुक्ति लिनुभन्दा बरु भोकै बस्नु बेस थियो । त्यसैले होला ब्राह्मणदेखि कोही कोही मान्छे चिढिएका पनि थिए, मानौँ पूर्णप्रसाद ब्राह्मण तिनीहरूका लागि शरीरको सुकेलुतो थिए ।

घरमा फिक्का चिया खाएर ब्राह्मण भयङ्कर ठूला गफ गर्थे, विदेशका कुरा िझक्थे अनि अरूहरू राजतन्त्रात्मक मुलुकहरूको प्रशंसामा आफ्नो छाती सुकाउँथे । वास्तवमा यी राजाका परम भक्त थिए । यसै विषयमा पनि यिनले एउटा ग्रन्थ लेखेका थिए, संस्कृतमा लेखेका थिए अनि नेपालीमा पनि लेखेका थिए, अङ्ग्रेजीमा अनुवाद गराएका थिए । अर्थात् यिनले लेखेको त्यो ग्रन्थको नाउँ संस्कृतमा 'राजतन्त्रं सदा जीव्यात्' नेपालीमा 'राजतन्त्र सदा जीवित रहोस्' र अङ्ग्रेजीमा Long Live Monarchy थियो । ब्राह्मणको जिब्रोमा नै राजा भन्ने शब्द टचाप्पै टाँसिएको थियो । उनको विश्वास, श्रद्धा र माया राजा भन्ने शब्दमा जोडिएको थियो ।

मलाई कहिलेकाहीँ एउटा कुराको सम्झना आउँछ अथवा पूर्णप्रसाद गुरुका एकदुई कुरा सम्झने गर्छु । गुरु मलाई भेट्ता बारम्बार भन्ने गर्थे– 'यही तालले हो भने यो राष्ट्र बेजोडले परिवर्तित हुन्छ । अब न्याय लुक्न थालिसक्यो । अन्याय पैसामाथि चढेर बोल्न थालिसक्यो । यो दुर्भाग्य हामी सबैले भोग्नैपर्छ ।' गुरुका कुरा वास्तवमा सत्य थिए । त्यसैले २०४६ साल चैत २६ गते नेपालको इतिहास अप्रत्याशित रूपले मोडियो । भनौँ ३० वर्षसम्म चलेको शक्तिशाली पञ्चायत व्यवस्था नै गल्र्यामगुर्लुम ढल्यो ।

यो देश नै यस्तै रहेछ । कुनै पनि राम्रा व्यक्तिलाई यो देशले चिनेन अथवा चिन्ने प्रयासै गरेन । कठै मेरो देश ! मान्छेलाई मरेपछि मात्र चिन्नुपर्ने बाध्यताको सिरक मेरो देशले ओढेको छ । मेरो देशले

योग्यता चिनेन । मेरो देशले इमानको पूजा गर्न जानेन । अथवा भनौँ मेरो देश भ्रममा नै हिँडिरह्यो, अझै हिँडिरहेकै छ ।

हुन त पूर्णप्रसाद गुरु पनि अलिकति चाहिँ अव्यावहारिक नै थिए, भाषण गर्न पाए भने भोकतिर्खा भुलिदिन्थे । अनि यिनको जीवनको सबैभन्दा ठूलो कमजोरी अर्को एउटा थियो– यी छिटै निर्णय दिन्थे र पछि पछुताउँथे । उनको यस्तै किसिमको एउटा प्रसङ्गलाई प्रस्तुत गर्नु सान्दर्भिक नै ठहर्ला ।

सम्भवत: यो घटना २०४० साल पुसको अन्त्यतिरको हुनुपर्छ । त्यस बेला राष्ट्रिय पत्रकार सङ्घले एउटा प्रवचन गोष्ठीको आयोजना गरेको थियो अनि त्यस समारोहका सभापति पूर्णप्रसाद ब्राह्मण थिए । सभापतिको आसनग्रहण गर्नुअघि यिनले त्यहाँ प्राय: सबै पत्रकारलाई आफूले छपाएर ल्याएको सानो पर्चा बाँडेका थिए । केही छिनपछि उनका झोलाबाट पर्चाहरू निस्केर हलभरी छरपस्ट भए ।

त्यो पर्चा मेरो हातमा पनि पऱ्यो । अनि त्यो पर्चामा लेखिएको रहेछ– ‘अहिले चलिरहेको शिक्षक आन्दोलनको समर्थनमा म आगामी माघ १ गतेदेखि हनुमानढोकामा अनसन बस्तै छु ।’

गुरुको पर्चा पढेपछि मलाई आश्चर्य लाग्यो अथवा बूढा सन्केको देख्ता मलाई अचम्मै लाग्यो । गुरुको अव्यावहारिक सनक देखेर मलाई दुक्ख पनि लाग्यो । बूढाको अनावश्यक पर्चा पढेपछि म मनमनै कल्पेको पनि थिएँ, ‘खाई न पाई, छालाको टोपी लाई ।’ म यसरी भावनामा उडिरहेको बेलामा एक्कासि मेरो नाउँ वक्ताका रूपमा उद्घोषण भयो । वास्तवमा मैले बोल्नुपर्छ भन्ने जानकारी मैले अगाडि पाएको थिइनँ । मेरो नाउँ उद्घोषण भएपछि म गुरुको पर्चा हातमा लिएर मञ्चमा गएँ र उभिएँ । हुन पनि त्यो पर्चा मेरो बोल्ने मसला भइसकेको थियो अथवा एउटा अत्यन्त जरुरी सार्वजनिक विषय भइसकेको थियो । अनि म त्यही

पर्चालाई आधार बनाएर बोल्न थालें । मैले बोलेको कुराको सारसङ्क्षेप यस्तो थियो–

'पूर्णप्रसाद ब्राह्मणजस्ता एउटा राष्ट्रिय इतिहास सङ्ग्रह गरिसकेका व्यक्तिले शिक्षकहरूलाई समर्थन जनाउनु राम्रो कुरो हो । तर त्यसै विषयको विजयका लागि गुरुले अनसन बस्नुचाहिँ 'विनाशकाले विपरीत बुद्धिः' हुनु हो । भनौँ गुरुको यो अनसनको नतिजा नकारात्मक र शून्य हुन्छ, अमिलो र धमिलो हुन्छ । सङ्घर्षबाट शिक्षकहरूले विजय प्राप्त गरे भने उनीहरूले गुरु पञ्चायतले खटाएर अनसनमा भर्ना भएका भन्लान् अनि पराजय भयो भने गुरु चारैतिरबाट झन् खेदिन थाल्लान् ।'

त्यस दिन मैले बोलेका बेला पर्यवेक्षकहरूबाट निक्कै ताली पनि खाएको थिएँ, मानौँ त्यो ताली गुरुका लागि एउटा ठूलो हाँक पनि थियो । कार्यक्रम समाप्त हुने तरखर थियो । सभापतिको आसनबाट ब्राह्मण पनि बोल्न उठे । उनले आफ्नो भाषणमा अनसनकै प्रसङ्ग मात्र जोडिरहे । अनि यिनले त्यसै मञ्चबाट सबैलाई हात जोड्दै भने– 'पत्रकार बन्धु हो ! कृपया मैले छरेका पर्चाहरू सबैले च्यातिदिनुहोला । नरेन्द्रराज प्रसाईजस्ता प्रतिभाशाली युवकको न्यायोचित तर्कलाई उपेक्षा गर्नुहुँदैन । प्रसाईजीको पेटमा पाप छैन । त्यसैले उनी सत्य बोल्छन् । फेरि अहिले मलाई ब्रोङ्काइटिस पनि छ । चिसोमा अनसन बस्न त्यति अनुकूल पनि पर्दैन जस्तो छ । त्यसैले यस विषयमा म पछि निर्णय गर्छु । अहिलेचाहिँ म अनसन नबस्ने कुरा यसै मञ्चबाट घोषणा गर्छु ।'

हुन त ब्राह्मणले छिटो निर्णय दिएर झोक्राएको मैले धेरै चोटि देखेको छु । वास्तवमा विद्वान्हरूको यो एउटा नैसर्गिक गुण हो कि के हो ? मैले नेपालका ख्यातिप्राप्त पाँचसात जना विद्वान् तुरुन्तै निर्णय दिने र तुरुन्तै पछुताउने गरेको देखेको छु । अथवा मैले ब्राह्मणका नियतका अरू केही विद्वान्हरूसँग पनि सङ्गत गरेको छु ।

पूर्णप्रसाद ब्राह्मणको महत्त्वपूर्ण गुण उनी सधैँ मिहिनेत गर्थे। मुखले राजनीति हाँक्थे, कलमले साहित्य कोर्थे, कहिले कविता लेख्थे, कहिले कथा लेख्थे अनि कहिले उपन्यास लेख्थे। यिनलाई संस्कृत साहित्यका कुशल सर्जक पनि मानिन्थ्यो। यी संस्कृत साहित्यका महाकवि थिए। यी जस्तोसुकै मान्छेसँग पनि मिल्थे, अरूलाई नैतिक शिक्षा दिन्थे तर यिनले दुइटी स्वास्नी राखेका थिए। अनि यिनले बगुन्द्रो सन्तान जन्माएर दुक्ख पाए। यिनले सात छोरा र सात छोरी पाए। तर गुरुले तिनीहरूको माया पाएनन्। हो, एक जना बाबुले चौध सन्तान पाल्न सके, तर चौध सन्तानले एउटा बाबु पाल्नै सकेनन्। अथवा भनौँ– 'बाह्र छोरा तेह्र नाति बूढाको धोक्रो काँधैमाथि।'

पूर्णप्रसाद ब्राह्मण राजा महेन्द्रका साह्रै भक्त थिए। महेन्द्रको स्वर्गारोहण हुँदा यी भन्थे– 'अब आकाश खस्यो। हामी भीरबाट चिप्ल्यौँ।' वास्तवमा राजा महेन्द्रको सम्झनामा यिनले सधैँ शिर झुकाए। यस विषयमा यी धेरै दिन धुरुधुरु रोए। ब्राह्मण महेन्द्रलाई नेपालका उद्धारक र विश्वमै देखिएकामध्ये सबैभन्दा प्यारो व्यक्तित्व मान्थे।

बोलाइमा पनि ब्राह्मण भावुकै थिए, त्यत्तिकै नम्र पनि थिए। यिनको बोलीचालीमा माछापुछ्रे टल्कन्थ्यो। तर बोल्दाबोल्दै यी कहिले ठूलो कुरा बोल्थे र तुरुन्तै चिप्लिएर साना कुरामा पनि झर्थे। ब्राह्मण सादा जीवनका पारखी र उच्च विचारका कुबेर थिए।

नेपालमा यी पहिलो हलो जोत्ने बाहुन थिए। २००७ सालअघि बाहुनले हलो जोत्नुहुँदैन भन्ने परम्परालाई तोड्दा यी कैदी भएका थिए। यी 'जयतु संस्कृतम्'का कुशल योद्धा थिए। त्यति मात्र होइन नेपालमा गोमांसको प्रतिकारमा कडा आवाज उठाउने यी पहिलो नेपाली थिए। यिनले नबोलेका बेला लेख्नुपर्थ्यो। यी भोकै बोल्थे र भोकै लेख्थे, पेट खाली भएपछि पानी खाएर लेख्थे। लेख्तालेख्तै एक दिन यी थला परे। त्यसपछि घरमा नफर्कने गरी यिनलाई शिक्षण अस्पतालमा पुऱ्याइयो।

अनि यी ६७ वर्षका उमेरमा स्वर्गीय भए । अथवा ३२ जेठ २०४६ मा यी हामी सबैसँग बिदा भए । अनि यिनको पार्थिव शरीरलाई आर्यघाट पुऱ्याइएको थियो । त्यस दिन सिमसिम पानी परिरहेको थियो । मानौँ पृथ्वीले पनि आँसु बगाइरहेको थियो । त्यसपछि मेरो छाउनीतिर जाने बाटो पनि टुङ्गियो । म साह्रै दुःखित भएँ किनभने नेपालका एक जना प्रतिष्ठित विद्वान्ले बाँचुन्जेल, अघाउन्जेल भात नखाई देहत्याग गर्नुपरेको थियो । भनौँ यो एउटा घटना पनि नेपालका लागि दुर्भाग्य नै थियो ।'

साभार– **मेरो मोती पुरस्कार** (निबन्धसङ्ग्रह : २०४९)

••

पूर्णप्रसाद ब्राह्मणसँग सङ्गत गर्दा म किशोरै थिएँ । त्यस बेला म स्कुलकै शिक्षा लिँदै थिएँ । मैले कलेजको स्नातक पार गरेपछि उनको अन्तर्वार्ता लिएको थिएँ । त्यस बेलाका मेरा कृति पनि विद्यार्थी जीवनकै उत्साहमा आएका हुन् । भरखर सिकारु लेखकका लागि पूर्णप्रसाद ब्राह्मणको अन्तर्वार्ता लिन पाउनु पनि मेरा लागि विशेष भाग्य नै थियो । अनि अहिले त्यो अन्तर्वार्तालाई कृतिगत रूपमा प्रकाशन गर्न पाउनु पनि मैले एउटा अर्को अहोभाग्य नै सम्झेको छु । त्यति बेलाको कुरा जोगाएर राख्न सकेकोमा आज मैले उनको सग्लो विचार प्रकाशन गर्न सकेकोमा मलाई थप गौरव लागेको छ ।

पूर्णप्रसाद ब्राह्मण मेरा गुरु नै थिए । उनले मलाई आफूले लेखेको उपन्यास 'अध्यक्ष उमा' सुनाएर मोहितै पारेका थिए । उनको हस्तलिखित पाण्डुलिपि उनी पढ्दापढ्दै थाक्थे र मलाई पनि पढ्न लगाउँथे । अनि उनी भन्थे– 'तिमी पनि उपन्यास लेख ।' तर म त्यस बखत जीवनी लेख्नमा नै रुचि राख्थेँ ।

हो, मैले दस कक्षा या भनौँ टेस्टको परीक्षा दिएपछि टाइप सिक्न थालेको थिएँ । त्यस बेला मैले टाइपमा नै लेखेको उपन्यास ब्राह्मणलाई

देखाएको थिएँ । वास्तवमा टाइप सिक्ने क्रममा मैले त्यो उपन्यास टाइपमा नै लेखेको थिएँ । त्यो उपन्यास पढ्छु भनेर सुन्दरप्रसाद शाह दुःखीका भतिजा शैलेन्द्र शाहले लगेका थिए र उनले मेरो त्यस कृतिलाई शहीदै बनाइदिए ।

•

मैले मेरा गुरु पूर्णप्रसाद ब्राह्मणउपरको एउटा अजर लिपि जनसमक्ष जाहेर गरेको छु । यस कृतिमा मेरो परिश्रमभन्दा पनि मन, वचन र कर्म ठूलो रहेको छ । सानो कृति भए तापनि यसभित्र समकालीन इतिहास लुकेर बसेको छ । जान्ने, बुझ्ने र चाहिनेका लागि यो कृति खुर्पाकै बिँड नहोला भन्ने ठानेको छु ।

सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राह्मणलाई कृतिगत रूपमा तयार गरेपछि मैले गुरुपुत्र जनार्दन शर्मालाई प्रस्तुत कृतिको पाण्डुलिपि पढ्न दिएँ । टुटफुट, नबुझिएका शब्द र अस्पष्ट बेहोरालाई सग्लो पार्न भाइ जनार्दनबाट पनि मलाई सहयोग प्राप्त भएको तथ्य उल्लेख गर्न मैले सान्दर्भिक ठानेको छु ।

मेरा गुरुदेव पूर्णप्रसाद ब्राह्मणसँग सम्बद्ध कतिपय सूचना सामग्रीलाई आदरणीय मित्र प्रा.केशव सुवेदीसितको परामर्शमा मैले अद्यावधिक गर्ने प्रयास गरेको छु ।

'सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राह्मण'नामक प्रस्तुत अन्तर्वार्ता कृति प्रकाशन गर्न जिद्दी गर्ने मेरी गुरुदेवी इन्दिरा प्रसाईलाई के भनेर म कृतज्ञता दिऊँ !

**• नरेन्द्रराज प्रसाई**

# सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राह्मण

# सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राह्मण

म नरेन्द्रराज प्रसाईले मिति २०४१ साल भदौ १०, ११ र १२ गते मेरा श्रद्धेय गुरुदेव पूर्णप्रसाद ब्राह्मणसित काठमाडौँ, ताहाचलको छाउनीको गुरुगृहमा बसेर टेप अन्तर्वार्ता लिएको थिएँ । पछि टेपबाट सारेर आफैँ टाइप गराई पातलो कागत (टाइप पेपर)को आठ प्रति गुरुदेवबाट मलाई भदौ २५ गते हस्तान्तरण भएको थियो ।

कुनै कुनै ठाउँमा गुरुदेवबाट प्राप्त उत्तर र मैले सोधेका प्रश्न पनि पाठकलाई पढ्न सहज पार्ने हेतु शृङ्खलाबद्ध पारेको छु । साथै कुनै कुनै प्रश्नका उत्तर तलमाथि पनि रहेकाले प्रश्नमा मिल्ने किसिमले नै उत्तर राखिएका छन् । अनि टाइपमा छुटाइएका आवश्यक तिथिमिति र अस्पष्ट सन्दर्भ मिलाउने काम पनि गुरुदेवका छोरा जनार्दन शर्माको समेत सहयोगमा मैले मिलाउने प्रयास गरेको हुँ । यस मामलामा मैले प्रा.केशव सुवेदीको पनि सहयोग पाएको छु । अनि यस बेहोरालाई मैले मेरो भूमिकामा पनि उल्लेख गरेकै छु । टाइप अशुद्ध भएको तथ्यको आत्मस्वीकृति पनि गुरुदेवका हस्ताक्षरमा उल्लेख भएकै छ ।

मेरा प्रश्नको गुरुदेवका उत्तरका सबै पृष्ठका फेदमा गुरुदेवका हस्ताक्षर रहेका छन् । टाइपका ती पृष्ठहरू मैले परिशिष्ट एकमा प्रस्तुत गरेको छु । साथै  परिशिष्ट दुई भनेर गुरुदेवबारे मैले लेखेको लघु जीवनी पनि यसै कृतिमा पेस गरेको छु ।

# अन्तर्वार्ता

**• गुरुदेवको सङ्क्षिप्त वैयक्तिक परिचय पाऊँ न !**

मेरो पिताजीको नाम पं.देवीदत्त दुवाडी हो, माताजीको नाम रुक्मिणीदेवी हो । मेरो जन्म १९७९ साल असार ३१ गते गोर्खा जिल्ला काफलडाँडा गाउँमा भएको थियो । मेरा दुई जना पत्नी हुन्– सीतादेवी र सावित्रीदेवी । जेठी र कान्छी पत्नीबाट मेरा चौध जना सन्तान भए– महेश शर्मा, रमेश शर्मा, सुरेश शर्मा, दिनेश शर्मा, नरेश शर्मा, जगदीश शर्मा, जनार्दन शर्मा, इन्दिरा आचार्य, चन्दिरा चालिसे, मन्दिरा रिजाल, सरला अधिकारी, विमला भट्टराई, उर्मिला आचार्य, निर्मला शर्मा ।

**• गुरुदेवको आर्थिक अवस्था कस्तो छ ?**

मेरो पारिवारिक जीवन त्यसरी नै चलेको छ, कुनै सार्वजनिक तपस्वीको पारिवारिक जीवन उसको सम्पत्तिहीन घरमा जसरी चलेको हुन्छ ।

**• गुरुदेवले विभूषण र पुरस्कार के के पाउनुभयो ?**

विभूषण, पुरस्कार या सम्मान जे जे भने पनि मसित राजसभाको सदस्य भए ताकाको एउटा प्रतीक चिह्न मात्र छ । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित राष्ट्रिय कविता महोत्सव (२०२५)* मा प्रथम भई मैले श्री ५ महेन्द्रबाट स्वर्णपदक र पुरस्कार पाएको हुँ ।

---

* राष्ट्रिय कविता महोत्सवमा प्रथम पूर्णप्रसाद ब्राह्मण, दोस्रो वासुदेव त्रिपाठी, तेस्रो कालीप्रसाद रिजाल, कृष्णप्रसाद पराजुली र प्रेम शेर्पा 'विरोकी' भएका थिए ।

• **गुरुदेवले कति पढ्नुभयो** ?

मैले तीनधारा छात्रावास रानीपोखरीमा बसेर पढेँ । मैले बनारसको क्विन्स कलेज*बाट पूर्वमीमांसा दर्शन आचार्य उत्तीर्ण गरेको हुँ ।

• **गुरुदेव कता कता घुम्नुभयो** ?

पार्टी सिद्धान्तको प्रचारको उद्देश्यले जिल्लाहरूको भ्रमण र प्रशिक्षणमा लागेपछि पोखरादेखि सल्यानसम्मका आठ जिल्लाको मैले भ्रमण गरेको छु ।

• **गुरुदेव ! हिजोआज के गर्दै हुनुहुन्छ** ?

अहिले म गौमांस बिक्रीको र क्रिस्चियनहरूबाट भित्रभित्र भइरहेको धर्म परिवर्तनकारी कुनीतिको विरोध गरिरहेको छु ।

• **गुरुदेवले कुन कुन भाषामा के कस्ता कृति*लेख्नुभयो** ?

मेरा धेरै त फुटकर रचना नै छन् । तीमध्ये नछापी नहुने पनि केही कृति छन् । तर मेरो गच्छेले ती प्रकाशित होलान् जस्तो छैन । मेरा प्रकाशित कृतिहरू हुन्–

**संस्कृत भाषा**

१. सत्यहरिश्चन्द्रम् (महाकाव्य : २००७)

२. विश्वेदेवा: (लघिष्ठ काव्यसङ्ग्रह : २००७)

---

* राष्ट्रकवि माधव घिमिरे र पूर्णप्रसाद ब्राह्मण सहपाठी थिए । यी दुवैले तीनधारा पाठशाला र क्विन्स कलेजमा पढेका थिए । उनीहरूको अनुहार पनि मिल्दो थियो । स्कुल पढेताका उनीहरूको झगडा मात्रै हुन्थ्यो । रातोदिनको झगडाका कारण पाठशालाका गुरुहरूले उनीहरूको मित लगाइदिएका थिए । त्यसपछि बाँचुन्जेल उनीहरू नङमासुजस्तै भए ।

* पूर्णप्रसाद ब्राह्मणका कृतिहरूको सूची र मिति प्राय: अपूर्ण नै थिए । केही कृतिका नाउँ र मिति ब्राह्मणबाटै मलाई प्राप्त भएका हुन् । ब्राह्मणबाट अन्तर्वार्तामा प्रस्तुत नगरिएका केही कृतिका नाउँ उनका सुपुत्र जनार्दन शर्माबाट प्राप्त भएका हुन् । साथै मदन पुरस्कार पुस्तकालयको वेभसाइट mpp.org.np बाट पनि मिति बेगरका केही कृतिका नाउँ प्राप्त गरी ती सबैलाई मिलाएर मैले माथिको कृतिसूची तयार पारेको हुँ ।

३. तदर्थमेव (मवीवि शाहको 'उसैको लागि' कवितासङ्ग्रहको संस्कृतमा रूपान्तर : २०२६)

४. ईशावास्यवृत्तिः (भारतका एक महान् सन्त विनोभा भावेको हिन्दी भाषाको कृतिको संस्कृत रूपान्तर : २०२७)

५. राजतन्त्र : सदा जीव्यात् (नेपाली, संस्कृत र अङ्ग्रेजी भाषा : २०४२)

६. रामराज्यम् (खण्डकाव्य : २०४९)

७. श्रीकृष्णसुदामाचरितादर्शः (उपन्यास : २०५०)

**नेपाली भाषा**

८. एक्काइस कथा (कथासङ्ग्रह : २००३)

९. झिल्को (लघु कथासङ्ग्रह : २००७)

१०. म लोग्ने हुँ (कथासङ्ग्रह : २००८)

११. अगुल्टो (कवितासङ्ग्रह : २००८)

१२. एक प्रतिवाद (प्रबन्ध : २०११)

१३. सत्य सङ्केत (प्रबन्ध : २०१३)

१४. राजा पुरञ्जन (एक पौराणिक उपन्यास : २०१८)

१५. सांस्कृतिक सङ्घर्षको आवश्यकता (प्रबन्ध : २०४०)

१६. हिन्दुत्व जिज्ञासा (प्रबन्ध : २०४०)

१७. एक कथा (उपन्यास : २०४२)

१८. एकतीस कथा (कथासङ्ग्रह : २०४२)

१९. एघार कथा (कथासङ्ग्रह : २०४३)

२०. अध्यक्ष उमा (क्रान्तिकारी नारीविषयक उपन्यास : २०४४)

२१. कुन्तीको समाचार (खण्डकाव्य : २०४४)

२२. सम्झौटो (लघुकाव्य : २०४७)

२३. जयतु संस्कृतम् (भावना कार्यान्वयन महासभाको भूमिकासहितको विधान)

२४. पूर्णप्रसाद ब्राह्मणका फुटकर कविता (कवितासङ्ग्रह : २०६२) (पाँच सय जति फुटकर लेखरचना प्रकाशित ।)

- **गुरुदेवलाई मन नपर्ने विषय के हो ?**

विदेशको राजनीतिक दलाली, साम्प्रदायिक छुद्र भावना, अश्लील साहित्य, संस्कृति र संस्कृतिमाथिको निन्दा मलाई मन पर्दैनन् ।

- **गुरुदेवका चिरस्मरणीय दुक्ख र सुक्खका दिन कुन थिए ?**

राष्ट्रिय दृष्टिकोणले राष्ट्रनायक श्री ५ महेन्द्रको स्वर्गारोहणको दिन र नेपाल होली सी दौत्य सम्बन्ध भएको खबर प्रकाशित भएको दिन मेरा निम्ति चिरस्मरणीय दु:खलाग्दो दिन थियो । २००४ सालको जयन्तु संस्कृतम् आन्दोलनमा राणा सरकारले पाठचक्रम सुधारको माग पूरा गरेको दिन र राणाकालीन संसद्को शिक्षा सदस्यका लागि निर्वाचनमा सरकारले अनेक उम्मेदवारहरू उठाइदिएर, शिक्षा संस्थानहरूमा जान प्रतिबन्ध लगाएर, चुनाव प्रचार गर्दा पक्रेर, अनेक बाधा अड्चन ल्याइदिँदा पनि शिक्षा सदस्य निर्वाचित भएको दिन मेरा निम्ति चिरस्मरणीय सुखको दिन थियो ।

- **गुरुदेवले आफ्नो जीवनमा महत्त्वपूर्ण कार्यहरू के के गर्नुभयो जस्तो लाग्छ ?**

(१) प्रजातन्त्र हुनुभन्दा तीनचार वर्षअघिदेखि जिल्लाका जनताको बीचमा भित्रभित्रै राणा शासनका विरुद्ध विद्रोही कविताहरू ('भाइ हो उठ ! सिपाही दाइ' आदि शीर्षकमा 'अगुल्टो'नामक पुस्तकमा प्रकाशित) र लघु कथाहरू ('झिल्को'नामक पुस्तकमा प्रकाशित)को प्रचार गरेँ,

(२) प्रजातन्त्र भएपछि सर्वोदय भावनाको प्रचार गरेँ,

(३) पार्टी प्रतिबन्ध लागेपछि भ्रष्टाचारका कैयौँ प्रलोभनमा नफसी राजा र जनताप्रतिको विशुद्ध सेवाको आदर्श प्रदर्शनका लागि निर्वाचन आयोगको जिम्मेदारीमा निष्ठा अर्पण गरेँ ।

(४) त्यसपछि गौमांस बिक्री, क्रिस्चियन धर्मको गुप्त प्रचार र धर्मान्तरणको विरुद्ध शक्ति र साधनअनुसारको क्रियाकलापहरू गरेँ । यिनैलाई मैले आफ्नो जीवनका थप महत्त्वका कार्यहरू सम्झेको छु ।

- **गुरुदेवलाई मन परेका मान्छेहरू कुन कुन हुन् ?**

राष्ट्रिय व्यक्तित्वमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह र राष्ट्रनायक श्री ५ महेन्द्र तथा अन्तर्राष्ट्रिय व्यक्तित्वमा विश्ववन्द्य महात्मा गान्धीलाई म मान्दछु ।

- **आजको विश्वबारे गुरुदेवको धारणा के छ ?**

आजको विश्व परस्पर रागद्वेष, हिंसा प्रतिहिंसा, युद्धसङ्घर्षको भावनाले उत्तरोत्तर ग्रस्त छ । संस्कृत भाषानिष्ठ, विश्वबन्धुत्व भावनाको सार्वभौम प्रचारप्रसार र तदनुकूल कार्यान्वयनको शुभारम्भ भएन भने त्यस्तो भविष्य निश्चित छ, जसमा कि विकराल विश्वयुद्ध र रोमाञ्चकारी नरसंहार अपरिहार्य छ ।

- **नेपालको परिप्रेक्ष्यमा साम्यवादी व्यवस्था के हो; गुरुदेव ?**

आर्थिक दृष्टिकोणले साम्यवादी सिद्धान्तलाई इन्कार्न सकिँदैन । तर बिलकुल भौतिकवादी जीवनदर्शनको सीमाभित्रमा चिन्तन पुग्न सकेको सिद्धान्त भएकोले यसको प्रतिक्रिया जहिले र जहाँ पनि हुन सक्ने हुँदा अध्यात्मवाद र भौतिकवादको समन्वयमा आधारित प्लेटोको दार्शनिक राजाबाट सञ्चालित अथवा प्राचीन हाम्रा राजर्षिहरूको आदर्शको सर्वाङ्गपूर्ण शक्ति आदर्श राजतन्त्र व्यवस्थाको तुलनामा यो साम्यवादी व्यवस्थालाई विकलाङ्ग नै म सम्झन्छु ।

- **संसदीय प्रणालीलाई चाहिँ कस्तो मान्नुहुन्छ; गुरुदेव ?**

पार्टी परम्पराबाट पार्टीहरूको प्रच्छन्न रूपमा वैदेशिक राजनीतिक दासता, सत्ता र अर्थलोलुपता, पार्टी स्वार्थको निम्ति

राष्ट्रका शाश्वत मूल्यहरूको अथवा राजमुकुट, राष्ट्रिय धर्म, संस्कृति, लोकसम्मतिको अवहेलना इत्यादि र प्रकट रूपमा चाहिँ अनेक आकर्षक प्रजातान्त्रिक, प्रगतिशील नारा, आफ्नो पार्टीबाहिरका अरू राजनीतिक दल र विचार सिद्धान्तका प्रति मिथ्या आरोप, घृणा, विदेश र निर्वाचनमा विदेशी सहायताको आडमा साधनहीन राष्ट्रिय तत्त्वहरूका विरुद्ध तथाकथित मिथ्याचारी पार्टीका राजनीतिक तत्त्वहरूको सदा विजय आदि अवाञ्छनीय क्रियाकलाप मात्र भइरहन सक्ने हुन्छ । राष्ट्रिय भावना देखेर संसदीय व्यवस्थाका महत्त्वपूर्ण गुणहरूलाई स्वीकार गर्दागर्दै पनि संसदीय व्यवस्थाले हाम्रो देशमा जनताबाट प्रश्रय पाउन सकेन र जनतामा यो मनोविज्ञान भयो कि आर्थिक स्थिति राम्रो नभएको देशले संसदीय प्रणालीबाट लाभ उठाउन सक्तैन । संसदीय प्रणालीको नाममा विकृति मात्र आउँछ । अत: बलियो राजतन्त्रको आडमा जागरुक राजनीतिक विद्वान्हरूबाट देशमा नवयुवकहरूलाई संसदीय व्यवस्थाका महत्त्वपूर्ण गुणहरू सम्झाएर त्यस व्यवस्थाको कार्यान्वयनका लागि प्रशिक्षित र योग्य तुल्याउँदै लान सक्नुपर्छ ताकि भविष्यमा त्यस्ता उपर्युक्त राजनीतिक मिथ्याचारको अभिवृद्धिबाट देश बिग्रन नपाओस् र देशमा संसदीय व्यवस्था राम्रोसँग चल्न सकोस् ।

- **पञ्चायत प्रणालीचाहिँ के कस्तो हो; गुरुदेव ?**

सैद्धान्तिक रूपमा व्यवस्थाका प्रवर्तक राष्ट्रनायक श्री ५ महेन्द्रको पञ्चायती व्यवस्थाको आधार आत्मवाद हो, अधिनायकवाद होइन भन्ने स्पष्टोक्तिअनुसार कुनै दिन पनि आत्मवादको अनुकूल नीति र कार्यक्रमको चर्चासम्म पनि नभएकोले, नगरिएकोले र देशमा प्रजातन्त्रको निमित्त र सार्वजनिक कल्याणको निमित्त कुनै कार्यारम्भको सङ्कल्पसम्म नभएका र नगरेका प्राय: त्यस्ता व्यक्तिविशेषहरूबाट मात्र सञ्चालित भइरहेकोले पञ्चायती

व्यवस्थाले राष्ट्रनायकको सदाशय र जनताको आकाङ्क्षाबमोजिम राष्ट्रिय उन्नति र जनकल्याण्ण गर्न सक्छ भन्ने मलाई लागेको छैन । त्यस्तै व्यावहारिक रूपमा पनि खास पञ्चायत व्यवस्थाको लागि तन, मन र धनले समर्पित शुद्ध कार्यकर्ताको विरुद्ध अवसरवादी, मिथ्याचारी र भ्रष्टाचारी व्यक्तिविशेषहरूले मात्र प्रश्रय र प्रमुखता पाएको तथ्य सार्वजनिक प्रचारमा बारम्बार आइरहेको हुँदा पञ्चायती व्यवस्थाले लोकसम्मति गुमाउँदै असफलताको अन्धकारतिर लम्किरहेको र व्यवस्थाको उपर्युक्त सैद्धान्तिक र व्यावहारिक दुइटै नीतिगत त्रुटिलाई वर्तमान अक्षम र असमर्थ प्रशासनले व्यवस्थाको अन्तको लागि ठूलो बल दिइरहेको पनि मैले महसुस गरेको छु । आत्मवादी दर्शनको आधारमा कार्यकर्ताहरू तयार गरेर, तिनीहरूका माध्यमबाट जिल्ला जिल्लामा सैद्धान्तिक प्रचार, सङ्गठन र रचनात्मक काम हुँदै जाने हो भने पञ्चायती व्यवस्था हाम्रो देशको निमित्त मात्र हितकारी नभएर विश्वका धेरै राष्ट्रहरूको निमित्त पनि अनुकरणीय र कल्याणकारी जँच्न सक्छ ।

- **गुरुदेवले नेपालको असंलग्न परराष्ट्र नीति र शन्तिक्षेत्रबारे बताइदिनुपर्‍यो !**

असंलग्न भन्ने शब्दको प्रचलन विश्वमा धेरै पछि मात्र भएको हो तापनि असंलग्न परराष्ट्र नीति नै हाम्रो पुरानो नीति हो । यस असंलग्न परराष्ट्र नीतिलाई सञ्चालन गर्ने प्रवीणता र त्यस नीतिप्रतिको शाश्वत निष्ठाबाटै हाम्रो देशले आजसम्म प्रतिपक्षहीन अन्तर्राष्ट्रिय प्रतिष्ठा आर्जन गर्न सकेको हो । हाम्रो असंलग्न परराष्ट्र नीति नै अन्तर्राष्ट्रिय लक्ष्यको अन्तिम रूप विश्वशान्तिको लागि निश्चल योगदान हो भन्ने हामीलाई लागेको छ किनकि विश्व शान्तिको आकाङ्क्षा हाम्रो पुरानो औपनिषदिक आकाङ्क्षा हो । जो अहिले पनि युगनायक श्री ५ वीरेन्द्रबाट शान्तिक्षेत्रको प्रस्ताव आदि

र अरू पनि विश्व शान्तिसम्बन्धी उद्गारहरूद्वारा बराबर अभिव्यक्त भइरहेका छन् ।

- **गुरुदेवका विचारमा देशको जनप्रशासनलाई कसरी प्रभावकारी बनाउन सकिएला ?**

प्रशासकले आर्थिक दृष्टिबाट र मानवीय सेवा सिद्धान्तको दृष्टिबाट स्वयम् नियन्त्रित र अनुशासित हुने र आफ्नो कार्यालयमा अनुशासन कार्यान्वनयमा बढी दृढता लिने गरेमा जनप्रशासन स्वत: प्रभावकारी हुँदै जानेछ ।

- **प्राचीन धर्म, संस्कृति र आधुनिक विज्ञानको समन्वयबारे गुरुदेवको धारणा कस्तो छ ?**

धर्म र संस्कृति भन्दा मैले आफ्नै वैदिक धर्म र संस्कृतिलाई नै सम्झेर भनेको छु– 'धर्म र संस्कृतिमा प्राचीन र अर्वाचीन भन्ने त कुरै हुँदैन । किनभने धर्म र संस्कृतिको स्वरूपमा थोरबहुत परिवर्तन आउला, तर सारतत्त्व शाश्वत नै भएकोले त्यसमा परिवर्तन आउन सक्दैन । जब यसका साथ विज्ञानको समन्वयको प्रश्न छ– विश्व मानव मात्रको ऐहिक, पारलौकिक आत्यन्तिक हितार्थ विहित विभिन्न क्रियाकलाप रूप यज्ञादि, अनुष्ठानादि, दानदातव्यादि हाम्रो धर्म र तदनुकूल परिष्कृत रीति, परम्परा, रूप, संस्कृतिले आजको विज्ञानभन्दा धेरैधेरै विकसित अवस्थामा पुगेको शुम्भ, निशुम्भ, हिरण्यकशिपु, रावण, कुम्भकर्ण आदिको त्रैलोक्य विजयका लोकलोकान्तरगामी सैनिक सामग्री विज्ञान, मयको गृहनगर निर्माण विज्ञान, भारद्वाजहरूको विमानादि यन्त्र निर्माण विज्ञान, अश्विनीकुमारहरूको शल्यचिकित्सा विज्ञानले कतै विरोध गरेको पाइँदैन र मानव मात्रको अभ्युदयकारक छ भने त्यस्तो विज्ञानलाई हाम्रो धर्म, संस्कृतिले पछि पनि विरोध गर्ने छैन । तर विज्ञानले नै उक्त हाम्रो धर्म र संस्कृतिको अथाह गाम्भीर्य र अचिन्त्य रहस्यको गरिमाबाट स्वयम् पराभूत एवम् अवहेलित

भएको सम्झनु र शक्ति र उपयोगिताको दृष्टिले अशक्त एवम् हास्यास्पद प्रतिस्पर्धा पनि राख्नु अर्को कुरा हो । आजभन्दा कठोर सिँढी उक्लेर विज्ञानले उन्नति गरे पनि महिमा र गरिमाको दृष्टिमा त्यसले हाम्रो धर्म र संस्कृतिमा कुनै पनि क्षति पुऱ्याउन सक्तैन । यसले हाम्रो सनातनी महिमालाई होच्याउन, खोटचाउन पनि सक्तैन ।

- **गुरुदेवका विचारमा कृषि विकास र उद्योगधन्दालाई कसरी स्तरीय बनाउन सकिएला** ?

सरकारमा बसेका व्यक्तिहरूले विरोधी जमातको विरुद्ध आफ्नो बल संवर्धनका लागि बर्सेनि दुरुपयोग गर्ने गरेको मात्र राष्ट्रिय सम्पत्तिलाई कुलो, नहर आदिमा खर्च गरेर सदुपयोग गरिदिने र कृषि विकास बैङ्कबाट ब्याजदर घटाएर चक्रवृद्धि नपारीकन कृषिको नीति कृषकहरूलाई कृषिऋण उपलब्ध गराइदिने व्यवस्था भएमा कृषकहरू कृषि उत्पादनमा आत्मनिर्भर हुँदै जानेछन् । गाउँ गाउँ, जिल्ला जिल्लामा कुटीर उद्योगको विकासतर्फ र देशमा उत्पादन गरिन सकिने प्राथमिक आवश्यकताका वस्तुहरूको अन्तबाट आयात बन्द गर्नेतर्फ कटिबद्ध भएर सरकारले त्यस क्षेत्रमा यथासम्भव निश्छल लगानी गरिदिए उद्योग वाणिज्यमा धेरैले सोचेको प्रगति आउन सक्ने थियो ।

- **राष्ट्रनिर्माणको महायज्ञमा बौद्धिक जमातलाई कसरी अघि सार्न सकिएला त गुरुदेव** ?

बौद्धिक जमातलाई बढीभन्दा बढी आकर्षित गर्न र विकास कार्यक्रममा सहभागी तुल्याउन त्यस जमातमा यो विश्वास उत्पन्न गराइदिन सक्नुपऱ्यो कि नारा मात्र होइन, प्रशासनका सबै अङ्गहरू विकासका लागि समर्पित छन् र मुट्ठीभर अवसरप्राप्त व्यक्तिहरूबाट शक्तिको दुरुपयोग गरेर कुनै मिथ्याचार भ्रष्टाचार भइरहेको छैन । यदि होइन भने बौद्धिक जमात भड्केर नै जानेछ ।

- **गुरुदेवका विचारमा हाम्रो देशको तीव्र विकासका लागि केको आवश्यकता देखिन्छ ?**

हाम्रो देशको तीव्र विकासको लागि आवश्यक दुई कुरा छन्– (१) विकासका लागि प्रयुक्त मेसिनरी निर्लोभी, इमानदार, देशभक्तिपूर्ण छ भने व्यापक विश्वासको वातावरण र (२) त्यसपछि त्यस नीतिको आवश्यक साधन । यी दुईमध्ये पनि दोस्रो आवश्यकताको पूर्ति मित्रराष्ट्रहरूको सहयोगबाट हुन सक्ने पनि देखिएकाले खास हाम्रो आवश्यकता पहिलो कुराको नै छ ।

- **युवा पिँढीप्रति गुरुदेवको धारणा कस्तो छ ?**

'उत्साह र आकाङ्क्षाको भण्डार युवक समूह राष्ट्रको एक शक्ति हो । त्यसबाट राष्ट्रको विकास पनि हुन सक्छ, विनाश पनि हुन सक्छ । युवाशक्तिको प्रयोग गरेर राष्ट्रको विकास गर्ने कि विनाश गर्ने भन्ने कुरा आउँछ, जो केवल प्रयोक्तामा निर्भर छ । त्यसैले राष्ट्रको सर्वाङ्गीण उन्नतिको निमित्त युवक समूहलाई अनुशासित र प्रशिक्षित तुल्याएर आदर्श मार्गतिर प्रवृत्त गराउने देशभक्तिपूर्ण दक्षता र सामर्थ्य यी दुई गुण नै राज्यका सञ्चालक तत्त्वहरूसँग हुनुपर्छ । ती दुइटै गुण भएनन् भने गोठाला नभएका डिँगाझैँ देशका युवकहरू आफ्नो निमित्त मात्र होइन, स्वेच्छाचारी उच्छृङ्खल भएर देशका निमित्त पनि ज्यादै हानिकारक बन्न सक्छन् । हाम्रो आधुनिक युवा पिँढीको गतिविधि कुन रूपको हुँदै गएको छ भन्ने कुरालाई म एउटा कल्पित दृष्टान्तबाट सम्झाउँछु–

**मर्कटस्य सुरापानम् ततो वृश्चिकदंशनम्**
**तन्मध्ये भूतसञ्चारो यद्वा तद्वा भविष्यति ॥**

अर्थात् स्वभावत: बाँदर अति चन्चले हुन्छ । बाँदरहरू एक ठाउँ बसिरहन सक्तैनन्, त्यसमाथि त्यसलाई रक्सी खुवाइदिनु अनि त्यो कति उफ्रेला ! त्यसपछि फेरि त्यसलाई बिच्छीले पनि टोकाइदिनु त्यो झन् कति उफ्रेला ! अनि त्यतिले नपुगेर फेरि त्यसको बीचमा

भयङ्कर भयङ्कर विकृत अनुहारका रङ्गीबिरङ्गी भूतप्रेतहरूसमेत लगेर नचाइदिनु, अनि होस न हवास भएर कति मच्चिएर त्यो बाँदरको जमात उफ्रेला ! यसको वर्णन गरेर साध्य छैन । त्यस्तै आजका हाम्रा प्राय: युवकहरूमा जुन नैतिक उन्माद देखा परेको छ, त्यो पनि अवर्णनीय नै छ । किनभने उनीहरूमा उमेरले नै गर्दा विवेकहीन उत्साह र चाञ्चल्य सहज हुने नै भयो । त्यसमाथि केवल खानु, लाउनु, आमोदप्रमोद गर्नुसिवाय अर्को जीवन दर्शन नभएको भौतिकवादी आदर्शहीन, पाश्चात्य शिक्षाको प्रभाव, त्यसमाथि देशका वर्तमान विधायक तत्त्वहरूमा वर्तमान आर्थिक सङ्ग्रहको प्रतिस्पर्धाको दूषित संस्कारको प्रभाव, फेरि त्यसमाथि हजारौँहजार नव आगन्तुक विदेशी हिप्पी पर्यटक व्यसनी तत्त्वहरूको नाना थरी नसावादी संस्कारको सङ्क्रमण देखिँदो छ । यी कुराहरूबाट अब हाम्रा युवकहरूको भविष्य कस्तो होला ? र उनीहरूको आदर्शहीन उन्मत्त क्रियाकलापबाट राष्ट्रको भविष्य कस्तो हुनेछ ? उक्त आधुनिक युवा पिँढीप्रतिको मेरो धारणा यस्तो छ– युवकहरूको अप्रतिम उत्साह र जाँगरलाई देशको सर्वाङ्गीण अभ्युदयको निमित्त प्रयोग गर्ने एक महान् उद्देश्यको पूर्तिको लागि युवकहरूमा राष्ट्रव्यापी राष्ट्रिय भावना पूर्ण प्रजातान्त्रिक जागरण ल्याउन एक प्रबुद्ध कर्मयोगी नि:स्वार्थ सङ्गठनको देशमा खाँचो छ । देशमा सबै युवकहरू माथि उल्लेख भएकै किसिमका हुँदैनन् । त्यो सङ्गठन प्रबुद्ध आधुनिक युवकहरूबाटै प्रारम्भ हुनुपर्छ ।

**• गुरुदेवले २००७ साल अघि र पछि के के गर्नुभयो ?**

(क) १९९७ सालको राजनीतिक काण्ड र शुक्रराज शास्त्रीहरूको प्राणदण्डले ममा त्यस शासनप्रति घृणा र विद्वेष उत्पन्न भयो । त्यसैले राणा सरकार उन्मूलन गर्ने काममा सहयोग पुऱ्याउने मैले सङ्कल्प गरेँ । त्यस बेलासम्म मलाई राजाको

आश्रय पनि थिएन । न त कुनै विदेशी शक्तिको पृष्ठपोषण, सहायता र त्यसको चाह नै मभित्र थियो ! राजाको आश्रय पाएर एकदुईवटा पर्चा छर्दा त १९९७ सालमा कतिले फाँसी र कतिले जीवनभर कैदको सजाय भोग्नुपरेको थियो । त्यो बेला काम गर्नु आजजस्तो सजिलो थिएन, कालसँगै कुस्ती खेल्नुजस्तो थियो । त्यसले बीचमा बिघ्न नपरी त्यस एकतन्त्री निरङ्कुश सत्ताको खिलाप देशव्यापी वातावरण सिर्जना गर्न सकियोस् भनेर सांस्कृतिक बाटोबाट काम गर्ने सङ्कल्प गरेर त्यहीअनुसार संस्कृत शिक्षाको क्षेत्रलाई आफ्नो कर्मक्षेत्र बनाएर भित्रभित्र संस्कृतका छात्र भाइहरूलाई मैले काम गर्ने प्रेरणा दिन थालेँ । जसको परिणामस्वरूप २००१ सालदेखि नै कतिपय छात्रहरू छात्रावासबाट निकालिन थालिए । २००४ सालमा काठमाडौँमा नै त्यत्रो ऐतिहासिक ‘जयतु संस्कृतम्’ आन्दोलन हुन सक्यो । जुन आन्दोलनलाई सफल पार्न अग्रसर हुने त्यस बखतका संस्कृत छात्रमा प्रमुख, निर्भीक योद्धा छात्रहरू सर्वश्री कमलराज रेग्मी, बलराम आचार्य, श्रीभद्र शर्मा, राजेश्वर देवकोटा, काशीनाथ गौतम, अच्युतराज रेग्मी, गोकर्णराज, पुष्करनाथ आदिको उत्सर्गपूर्ण क्रान्तिकारी क्रियाकलापबाट ‘जयतु संस्कृतम्’ आन्दोलन मात्र सफल भएको होइन, २००७ सालको जनक्रान्ति पनि सफल भएको हो । यो इतिहास कसैले मेट्न सक्तैन ।

(ख) जयतु संस्कृतम् सङ्गठन वीर कर्मठ छात्रहरूद्वारा तात्कालिक शासनसत्ता विरोधी, विद्रोही एवम् उत्तेजक ‘भाइ हो उठ ! सिपाही दाइ’ आदि कविता र छोटा कथाहरूको विभिन्न जिल्ला र गाउँगाउँमा पुगेर प्रचारप्रसार गरेँ, जो अगुल्टो र झिल्काको नामबाट क्रान्तिपछि लगत्तै प्रकाशित गरिएका थिए,

जसको भूमिकामा कवि सिद्धिचरण श्रेष्ठले 'यी कविता र कथाहरू तीनचार वर्षअगाडि मैले सुनेको थिएँ र गाउँगाउँमा भित्रभित्र प्रचार गरिन्थे' भनेर लेखिदिनुभएको छ र जुन कविता र कथाको भित्री प्रचारले तात्कालिक क्रूर शासनको जरो मक्किएको थियो ।

(ग) २००४ सालको अन्त्यमा, गोर्खा काफलडाँडा गाउँमा ब्राह्मणले हलो जोत्न हुँदैन भन्ने पुरानो अन्ध परम्परा तोडेर गरिब ब्राह्मणहरूको कल्याणको लागि स्वयम् हलो जोतिदिएर स्थानीय ब्राह्मण समुदायलाई मैले नै हलो जोत्ने प्रेरणा दिएँ । त्यो एउटा अर्को क्रान्तिकारी कदम नै थियो । त्यस बखत अत्यन्त ठूलो सामाजिक मर्का फुकेकाले स्थानीय ब्राह्मणहरूले त्यस कदमलाई श्रेय दिइरहे र त्यसको गीत सधैँ गाइरहे ।*

(घ) राणाकालीन संसद्मा शिक्षा सदस्यका दुई सिटचाहिँ निर्वाचनबाट पूर्ति गरिने हुँदा उक्त निर्वाचनमा भाग लिन म उम्मेदवार भएको थिएँ । शासकहरूले मलाई हतोत्साही तुल्याएर हराउन कतिपय पण्डित, प्रोफेसर र धनी स्नातक जमिनदारहरू मेरो विरोधमा उठाइदिएका थिए । त्यसको प्रचारको समयमा मलाई कति पटक प्रतिबन्ध लगाए, थुने, शिक्षण संस्थाहरूमा जान र भेट्न मलाई मनाही गरे । तर संस्कृत र अङ्ग्रेजी दुवैतर्फका छात्र र विद्वान्हरूको विवेकले त्यस निर्वाचनमा विजयी भएर म सांसद भएँ । संसद्को पहिलो बैठकमै 'वर्तमान शासन प्रक्रियामा सुधार र परिवर्तन ल्याउन यस बैठकमा छलफल गर्न पाउनुपर्छ' भनेर मैले प्रस्ताव राखेँ । तर त्यस प्रस्तावलाई

* २००७ सालको आन्दोलनका क्रममा हलो जोत्ने अभियान पश्चिम नेपालका विभिन्न ठाउँमा चलेका थिए, जसलाई नेपालको इतिहासमा 'हलो क्रान्ति' पनि भनिएको छ । यो अभियान गोरखा, लमजुङ, कास्की, स्याङ्जा, पाल्पा हुँदै प्यूठानसम्म पनि पुगेको थियो ।

बैठक बस्नेबित्तिकै स्पिकर श्री केशरशमशेरले फलानाको यो भनाइको निवेदनबारे अर्को वर्षको अधिवेशनमा मात्र विचार हुनेछ भनेर थन्क्याइदिनुभएको थियो । त्यसैले मेरो प्रस्ताव अगाडि नै बढेन ।

(ङ) राष्ट्रपिता श्री ५ त्रिभुवनको सपरिवार भारत सवारी भएपछि श्री ५ अधिराजकुमार ज्ञानेन्द्र सरकारलाई गद्दीमा राख्नका लागि राणा सरकारले सहमति लिन सिंहदरबारको भेला गराएका थिए । त्यस भेलामा उपस्थित सबैलाई खाली कागजमा सही गराइएको थियो । मलाई राति तीन बजे पक्रेर त्यहाँ पुऱ्याइएको थियो । यति हुँदाहुँदै पनि त्यस कागजमा मैले चाहिँ सहमति नदिईकन हाजिर मात्र गरेँ । सही पूर्णप्रसाद ब्राह्मण भन्ने लेखिदिएर मैले फाल ठोकेको थिएँ ।

(च) संसद्बाट उम्केर आएको हुनाले श्री नारदमुनि थुलुङजीको सल्लाहअनुसार म भूमिगत भएँ । भूमिगत रहेकै चारपाँच दिनमा त्रिचन्द्र कलेजमा अध्ययनरत जल्दाबल्दा मानिएका जीवनलाल सत्यालजीसँग काठमाडौँमै रहनेमध्येका 'जयतु संस्कृतम्'का प्रमुख छात्र श्री अच्युतराज रेग्मी र मदन शर्मा (पछि 'स्वतन्त्र समाज'का सम्पादक) सित मैले सम्पर्क गराएर राजाको पक्षमा निरङ्कुश शासनको विरोधमा जुलुस, प्रदर्शन, आमसभा गर्ने प्रबन्ध गर्न लगाएँ । त्यही कार्यक्रमअनुसार निश्चित दिन र समयमा लैनचौरको मञ्चमा बोल्न जाँदा श्री अच्युतराज रेग्मी, मदन शर्माहरूसमेत म पक्राउ पऱ्यौँ र थुनिएका थियौँ । यसरी 'जयतु संस्कृतम्' सङ्गठनको बलमा आफ्ना राजाले विदेशको शरण लिन बाध्य हुनुपरेको दुःखदायक देशको परिस्थितिको बोध, जागरण र उत्साह यहाँका नौजवानहरूमा हामीले भरिदिएको हो, जसको

परिणाम त्यसपछि राजधानीमा राणा सरकारको विरोध हुन थाल्यो ।

(छ) क्रान्ति बन्द गर्ने हुकुम राष्ट्रपिता श्री ५ त्रिभुवनबाट भइसकेको थियो । म संसद् सदस्य पनि भएकाले थुनिरहन राम्रो हुँदैन, फलानालाई तुरुन्त छोडिदिनू भन्ने आग्रह गरेर तात्कालिक भारतस्थित नेपाली राजदूत ज.सिंहशमशेर राणाले खबर पठाएका रहेछन् । त्यसैले मलाई अरूलाई भन्दा अगाडि राति बाह्र बजे छोड्न महाराज मोहनशमशेरकहाँ सिहंदरबार लगे । मैले साथीहरूलाई छोडेर एक्लै छुट्न नपरोस् भन्दा भोलिपल्टै छोडिदिए, महाराज मोहनशमशेरले आग्रह गरेको हुनाले मन्जुर गरेर म छुटेँ । साथीहरूलाई पर्सिपल्ट छोडिदिए पनि ।

(ज) २००८ सालमा म सर्वप्रथम प्रजापरिषद्मा सदस्य बनेँ । राणा काङ्ग्रेस संयुक्त मन्त्रिमण्डलबाट कारणवश श्री टङ्कप्रसाद आचार्यजीहरूसँगै म सेन्ट्रल जेलमा थुनिएँ । पछि जेलबाट छुटेपछि प्रजापरिषद् छोडेर म राष्ट्रिय महासभाको सदस्य बनेँ र थोरै समयभित्र त्यस संस्थाको महामन्त्री भएँ । त्यस संस्थाद्वारा २००८ साल माघ ८ गते मुक्ति सेनाद्वारा विद्रोह गराइयो । त्यस घडी कप्तान रामप्रसाद राई भाग्दा गोली लागेर मरे, अग्निप्रसाद खरेल पक्रिएर थुनिए, म भागेर भारत पुगेँ । त्यो विद्रोह नै असफल भयो । जेल तोडेर हामीले बन्दीहरू छोडिदिएकोले थुनिएका डा.केआई सिंह पनि छुटेका थिए । अनि उनी भागेर रातोरात चीन पुगे । केआई सिंहलाई यस विद्रोहबारे कुनै कुराको पत्तो नै थिएन तापनि यस विद्रोहलाई केआई सिंह काण्ड भनेर नामकरण गरियो । यसमा ठूलै कारण थियो । यहाँ लेखिरहनु अप्रासङ्गिक छ । मैले पछि

राष्ट्रपिता श्री ५ त्रिभुवन सरकारमा म अहिंसाको समर्थक गान्धीवादी हुँ भनेर माफी पाउनका लागि बिन्ती गरेँ। सरकारबाट मलाई माफी बक्सियो अनि म नेपाल आएँ ।

(छ) श्री ५ त्रिभुवन सरकारबाट माफी बक्सेर मैले थुनिन नपरे तापनि त्यस बखतको सरकारले मेरो वारेन्ट रद्द नगरेर, बोलाइएको बेला हाजिर हुनुपर्ने भनेर मलाई डर र त्रासमा राख्ने नीति लिएको थियो । उता आफ्नो पार्टी महासभा पनि प्रतिबन्धित भएकोले मैले त्यो बेला निष्क्रिय भएर रहनुपर्ने थियो तापनि गान्धीवादको नाम लिँदा बिदेसिइरहनुपर्ने सङ्कटबाट मुक्ति पाएको तथ्यलाई सम्झेर त्यही गान्धीवादी दर्शन श्रद्धा र उत्कण्ठाका साथ अध्ययन गर्न लाग्दा मैले निष्क्रिय रहनुपरेन । म त्यसको अध्ययनमा समरस भएँ ।

(ज) राष्ट्रपिता श्री ५ त्रिभुवनको स्वर्गवास भएपछि राष्ट्रनायक श्री ५ महेन्द्र सरकारको मैले दर्शनभेट पाएँ । उक्त दर्शनभेटमा मेरो वारेन्ट रद्द होस् र सर्वोदयवादी राजनीतिक संस्था खोलेर काम गर्न पाऊँ भनी मौसुफ सरकारमा मैले बिन्ती गरेँ । श्री ५ महेन्द्रबाट निगाहसाथ संस्था खोल्न अनुमति बक्सियो । २०१२ सालमा सर्वोदयवादी राष्ट्रिय जनराज्य परिषद्‌नामक राजनीतिक संस्था खोलेर मैले आफ्नो गान्धीवादी राजनीतिको प्रचार कार्य प्रारम्भ गरेँ ।

(ट) २०१५ सालमा नेपाली काङ्ग्रेसको समानान्तर पार्टी श्री भरतमणि शर्माजी, श्री गोपालप्रसाद भट्टराईजीहरूको प्रजापरिषद्‌को समानान्तर पार्टी श्री जगत्‌बहादुरजीहरू र डा.केआई सिंहजीको संयुक्त प्रजातन्त्र पार्टीको समानान्तर पार्टी शमशेर चाँदजीहरूको प्रजा पार्टी र दयानिधि गुटका

साथ हाम्रो राष्ट्र जनराज्य परिषद्को मोर्चा भयो । केही समयपछि एकीकरण पनि भयो र राष्ट्रिय जनता पार्टीनामक एक राजनीतिक नयाँ संस्था बन्यो । अनि त्यस राष्ट्रिय जनता पार्टीको पनि प्रजापरिषद्, संयुक्त प्रजातन्त्र पार्टी र प्रजातान्त्रिक महासभाका साथ मोर्चा भएर प्रजातान्त्रिकी मोर्चानामक संस्था बन्यो र उक्त मोर्चाका पार्टीहरूमध्ये एक पार्टीको अध्यक्षको नाताले २०१५ सालको निर्वाचन हुनुअघि संविधान जनसमक्ष ल्याइयोस्, यदि माघ २० गतेसम्म पनि ल्याइएन भने हाम्रो पार्टीले निर्वाचन नै बहिष्कार गर्नेछ भनेर मैले वक्तव्य दिएँ । तर उक्त म्यादभित्र संविधानलाई जनसमक्ष ल्याइएन । त्यसैले मैले निर्वाचन बहिष्कार गरिदिएँ । त्यसपछि मैले तात्कालिक मन्त्रिपरिषद्का नाममा रिट गरेँ । त्यो रिट पनि खारेजीमा पारिदिए । त्यसपछि डाल्डा आयात नीतिको विरोधमा हाम्रो प्रजातान्त्रिक मोर्चाले जुलुस र आमसभा गऱ्यो । यसरी विरोधी पार्टीको कर्तव्य पूरा गर्दागर्दै २०१७ सालको काण्ड भयो । पार्टी प्रतिबन्ध लाग्यो र म पनि निष्क्रिय भएँ ।

(ठ) २०२० सालमा राष्ट्रिय निर्देशन परिषद् गठन भयो । त्यसको अध्यक्ष स्वयम् राष्ट्रनायक श्री ५ महेन्द्र होइबक्सन्थ्यो । सरकारबाट त्यस परिषद्को म सदस्यसचिवमा मनोनीत भएको थिएँ । राष्ट्रिय निर्देशन परिषद्मा मैले तीन वर्ष काम गरेँ । राजाबाट मेरो काम मन पराएर म निर्वाचन आयोगमा सारिएँ । श्री ५ महेन्द्रबाट त्यस आयोगमा म पहिले सदस्यमा मनोनीत भएँ र केही समयपछि म प्रमुख निर्वाचन आयुक्तमा मनोनीत भएँ । त्यस पदमा बसेर मैले चार वर्ष काम गरेँ । राजा महेन्द्रको स्वर्गारोहणले राष्ट्रमा ठूलै खती भयो । व्यक्तिगत रूपमा म पनि भीरैबाट खसेकै हुँ । राजदरबारका नव प्रवेशी

कर्मचारीका षड्यन्त्रका कारण म टेक्ने न समाउने ठाउँमा पुगें । त्यसैले प्रमुख निर्वाचन आयुक्तको सेवापछि अर्थात् २०२८ साल माघ २६ गतेदेखि घरैमा स्वतन्त्र अध्ययन र लेखलाख गरेर मैले समय बिताउन थालें ।

(ङ) २०४० सालदेखि देशमा भइरहेको गोमांस बिक्रीको र क्रिस्चियन धर्म मान्नेहरूको नेपालीहरूलाई धर्मान्तरण गराउने कुनीतिको विरोधमा प्रचारप्रसार गर्न लागें । यो सन्दर्भमा 'द राइजिङ्ग नेपाल' पत्रिकालाई जनसमक्ष भूगोलपार्कमा जलाइदिने धम्कीको पर्चा छरेर गोमांस बिक्रीको विज्ञापन मैले नै बन्द गराएँ । २०४१ साल असार २० गतेका दिन गोमांस बिक्री गरेबापत सजाय दिने कानुनी व्यवस्था होस् र धर्मान्तरणमा संलग्न क्रिस्चियनहरूलाई प्रतिबन्धित गराउन बनिरहेको कानुनलाई कार्यान्वित गर्न प्रारम्भ गरियोस् भनेर पर्चाद्वारा राष्ट्रिय पञ्चायतका सदस्यहरूसित मैले अनुरोध पनि गरें । साथै त्यो काम नहुने हो भने म अनसन बस्छु भनेर मैले बुद्धिजीवीहरूका माझ र अन्य जतासुकै पर्चा छरिरहें । त्यही बखत राष्ट्रिय पत्रकार सङ्घले मेरो सभापतित्वमा आयोजना गरेको एउटा कार्यक्रममा मैले गोमांस बिक्री गर्नेलाई कठोर सजाय दिने कानुनी व्यवस्थाको माग राख्तै धर्मान्तरणमा संलग्न क्रिस्चियनहरूलाई प्रतिबन्धित गराउने विषयको पर्चा बाँडेको थिएँ ।*

---

* पर्चाचाहिँ शिक्षक आन्दोलनकै सन्दर्भमा पनि थियो । त्यसै समारोहमा म नरेन्द्रराज प्रसाईले आफ्नो भाषणमा अनसनबारे कहालीलाग्दो परिभाषा दिँदै श्री पूर्णप्रसाद ब्राह्मणज्यूले अनसन बस्न हुँदैन, हुँदैन र हुँदै हुँदैन भनेपछि सभापतिको आसनबाट ब्राह्मणले भनेका थिए– 'अब मैले जीवनभरि अनसन नबस्ने प्रण गरें ।' (थप जानकारीका लागि **मेरो मोती पुरस्कार**–२०४९, हेर्नुहोस् ।)

**• गुरुदेवको अन्तिम इच्छा के छ ?**

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह र राष्ट्रनायक श्री ५ महेन्द्रको सदिच्छाअनुसार र आफ्नो सांस्कृतिक संस्कारअनुसार मेरो 'राजतन्त्रं सदा जीव्यात्' र 'जयतु संस्कृतम्' भावना कार्यान्वयन महासभाको संविधाननामक पुस्तिकामा उल्लेख भएअनुसारको काम गर्न गराउन सक्तो परिश्रम आजीवन गरिरहने मेरो सामूहिक इच्छा छ र नेपालीमा दुईओटा खण्डकाव्य, महाकाव्य र संस्कृतमा एकदुइटा उपन्यास लेख्ने मेरो व्यक्तिगत इच्छा छ । त्यसतर्फ कार्य प्रारम्भ पनि भइरहेको छ ।

# परिशिष्ट


- **परिशिष्ट**– १
  पूर्णप्रसाद ब्राह्मणसित २०४१ सालमा लिइएको अन्तर्वार्ताको प्रतिलिपि • ४३
- **परिशिष्ट**– २
  नरेन्द्रराज प्रसाईद्वारा लिखित ‘केही चर्चित अनुहारहरू’ (२०४२) मा सङ्कलित पूर्णप्रसाद ब्राह्मणको लघु जीवनीको प्रतिलिपि • ५१

श्री पूर्णप्रसाद ब्राह्मण

१. जन्म वि.सं. १९७९

२. गोर्खा जिल्ला. काफल्डाँडा गाउँ ।

३. पेशा - कृषि

४. विभूषण - राज सभाको प्रतीक मात्र ।

५. ३ तीन धारा छात्रावास रानीपोखरीमा बसेर अध्ययन र [illegible] बी.ए. कलेज बाट पूर्व मीमांसा.. दर्शनमा [illegible] उर्तिण ।

६. सार्वजनिक सेवा कार्य ।

७. पार्टि सिद्धान्तको प्रचारको उदेश्यले विभिन्न जिल्लाहरूको भ्रमण र पार्टि प्रतिबन्ध लागेपछि पोखरा देखि सल्यान सम्मका ८ जिल्लाको भ्रमण ।

८. परीक्षा दिन र तीर्थाटन गर्न भारत सम्म गमन।

९. अहिले म गोमांस बिक्रीको र क्रिश्चियनहरूबाट भित्र भित्र भइरहेको धर्म परिवर्तन कारी कुनीतिको विरोध गरिरहेको छु ।

१० क. मेरा प्रकाशित कृतिहरू :-

संस्कृतमा - १ सत्यहरिश्चन्द्र (महाकाव्य) २ विश्वदेशा (लघिष्ठ काव्य संग्रह) ३. [illegible] (कवि म.वी.वि.शाह को 'उनीको लागि' नामक कवितासंग्रहको संस्कृत रूपान्तर) ४. ईशावास्यवृत्ति (भारतका एक महान् सन्त विनोवा भावेज्युको हिन्दीमा अनूदित ईशावास्यवृत्ति को संस्कृत रूपान्तर) र -

नेपालीमा --- (१)एक्काईस कथा (कथा संग्रह)(२) चिल्का (भावनात्मक सुधार वादी लघु कथा संग्रह)३ म लोग्ने हुँ (महिला सम्बन्धित सुधार वादी कथा संग्रह) - ४.अगुल्टो (क्रान्तिकारी कविता संग्रह) ।

ख. अप्रकाशित तर प्रकाशनार्थ नै.रा.प्र.प्रतिष्ठानमा दिइसकिएका कृतिहरू -

नेपालीमा —

१. एकतीस कथा (भावनात्मक लघु कथा संग्रह) २.एघार कथा (एघार ओटा सामाजिक लामा कथाहरूको संग्रह) ३ कविता संग्रह ।

ग. प्रकाशनार्थ कतै नदिइएका अप्रकाशित तयार कृतिहरू -

१. नेपाली-निबन्ध संग्रह २.कुन्तीको समाचार (खण्डकाव्य)

घ. मुद्रण को लागि प्रेसमा गएका कृति -

१. राजतन्त्रं सदा जीव्यात् (संस्कृतमा राजतन्त्रको अभिनन्दन र राजतन्त्रको पोषक लामो भूमिका, जसको नेपाली र अंग्रेजी दुइटै भाषामा अनुवाद पनि गरी छ)

२. जयतु संस्कृतम् भावना कार्यान्वयन महासभाको भूमिका सहितको विधान ।

संस्कृति र संस्कृत भाषाको निन्दा ।

१२. राष्ट्रिय दृष्टिकोणले राष्ट्रनायक श्री ५ महेन्द्रको स्वर्गारोहणको दिन( र नेपाल हेलिसी दौत्य सम्बन्ध भएको खबर प्रकाशित भएको दिन( ) मेरो निमित्त चिरस्मरणीय दुःख लाग्दो दिन र ०४ सालको जयन्तु संस्कृतम् आन्दोलनमा राणा सरकारले पाठ्यक्रम सुधारको माँग पुरा गरेको दिन र राणाकालीन संसदको शिक्षा सदस्यको लागि निर्वाचनमा सरकारले अनेक उम्मेदवारहरू उठाइ दिएर, शिक्षा संस्थानहरूमा जान प्रतिबन्ध लाएर, चुनाव प्रचार गर्दा पक्रेर, अनेक बाधा अड्चन त्याइँदिदा पनि शिक्षा सदस्य निर्वाचित भएको दिन मेरो निमित्त चिरस्मरणीय सुखको दिन थियो ।

१३. (१) प्रजातन्त्र हुनु भन्दा ३ - ४ वर्ष अघि देखि जिल्लाका जनताको बीचमा मित्र मित्र राणा शासनको विरूद्ध विद्रोही कविताहरू (भाइ हो! उठ! सिपाही दाइ आदी शिर्षकमा अुल्टो नामक पुस्तकमा प्रकाशित)र लघु कथाहरू (भिल्का नामक पुस्तकमा प्रकाशित को प्रचार .।)
(२) प्रजातन्त्र भएपछि सर्वोदय भावनाको प्रचार (३) पार्टीप्रतिबन्ध लागेपछि भ्रष्टाचारका केयौ प्रलोभनमा नफसी राजा र जनता प्रतिको विशुद्ध सेवा्को आदर्श प्रदर्शनको लागि निर्वाचन आयोगको जिम्मेदारीमा निष्ठा ।(४) त्यसपछि गोमांस बिक्री र क्रिश्चियन धर्मको गुप्त प्रचार र धर्मान्तरणको विरूद्ध शक्ति र साधन अनुसारको क्रियाकलाप । यिनैलाई मैले आफना महत्वका कार्यहरू सम्झेको छु र नै गरेको पनि छु।

१४. अतितका राष्ट्रिय व्यक्तित्वमा श्री ५ बडा महाराजाधिराज पृथ्वी नारायण शाह र राष्ट्र नायक श्री ५ महेन्द्र तथा अन्तर्राष्ट्रिय व्यक्तित्वमा विश्वबन्धु महात्मा गान्धीलाई म मान्दछु ।

१५. आजको विश्व परस्पर रागद्वेष, हिंसा प्रतिहिंसा, युद्धसंघर्षको भावना ले उत्तरोत्तर ग्रस्त छ । संस्कृत भाषानिष्ठ विश्वबन्धुत्व भावनाको सार्वभौम प्रचार प्रसार र तदनुकूल कार्यान्वयनको शुभ प्रारम्भ भएन भने त्यस्तो भविष्य निश्चित छ, जसमा कि विकराल विश्वयुद्ध र रोमान्चकारी नर - संहार अपरिहार्य छ ।

१६. यद्यपि आर्थिक दृष्टिकोणले साम्यवादी सिद्धान्तलाई इन्कार्न सकिदैन । सिद्धान्त भएकोले यसको प्रतिक्रिया जहिले र जहाँ पनि हुन सक्ने हुँदा अध्यात्म वाद र भौतिक वादको समन्वयमा आधारित छोटोको दार्शनिक राजाबाट संचालित अथवा प्राचीन हाम्रा राजर्षिहरूको आदर्श को सर्वाङ्गपूर्ण शक्ति आदर्श राजतन्त्रव्यवस्थाको तुलनामा यो साम्यवादी व्यवस्थालाई विकलाङ्ग नै म सम्भन्छु ।

१७. पार्टि परम्परा बाट पार्टिहरूको प्रच्छन्न रूपमा वैदेशिक राजनीतिक दासता, सत्ता र अर्थलोलुपता, पार्टिस्वार्थको निम्ति राष्ट्रका शाश्वत मूल्यहरू को (राजमुकुट, राष्ट्रिय धर्म, संस्कृति, लोकसम्मतिको) अवहेलना इत्यादि र प्रकट रूपमा चाहिं अनेक आकर्षक प्रजातान्त्रिक, प्रगतिशील नारा, आफनो पार्टि बाहिरका अरू राजनीतिक दल र विचार सिद्धान्तका प्रति मिथ्या आरोप, घृणा विद्वेष र निर्वाचनमा विदेशी सहा

यताको आडमा साधनहीन राष्ट्रिय तत्वहरूको विरूद्ध तथाकथित मिथ्याचारी पार्टीका राजनीतिक तत्वहरूको सदा विजय आदी अवाञ्छनीय क्रियाकलाप मात्र भइरहन सक्ने. राष्ट्रिय कुसं भावना दैवेर संसदीय व्यवस्थाका महत्वपूर्ण गुणाहरूलाई स्वीकार गर्दा गर्दै पनि संसदीय व्यवस्थाले हाम्रो देशमा जनतावाट प्रश्रय पाउन सकेन र जनतामा यो मनो विज्ञान भयो कि आर्थिक स्थिती राम्रो नभएको देशले संसदीय प्रणालीवाट लाभ उठाउन सक्दैन । संसदीय प्रणालीको नाममा विकृति मात्र आउँछ । अत : वलियो राजतन्त्रको आडमा जागरूक राजनीतिक विद्वानहरूवाट देशमा नवयुवकहरूलाई संसदीय व्यवस्थाका महत्व पूर्ण गुणाहरू सम्झाएर त्यस व्यवस्थाको कार्यान्वयनको लागि प्रशिक्षित र योग्य तुल्याउँदै लान सक्नु पर्छ । ताकि भविष्यमा त्यस्ता उपर्युक्त राजनीतिक मिथ्याचारको अभिवृद्धिवाट देश विग्रन नपाओस र देशमा संसदीय व्यवस्था राम्रो संग चल्न सकोस् ।

१८. सैद्धान्तिक रूपमा व्यवस्थाका प्रवर्तक राष्ट्र नायक श्री ५ महेन्द्रको "पंचायती व्यवस्थाको आधार आत्मवाद हो, अधिनायकवाद होइन" भन्ने स्पष्टोक्ति अनुसार कुनै दिन पनि आत्मवादको अनुकूल नीति र कार्यक्रम को चर्चासम्म पनि नभएकोले, नगरिएकोले र देशमा प्रजातन्त्रको निमित्त र सार्वजनिक कल्याणको निमित्त कुनै कार्यारम्भको संकल्प सम्म नभएका र नगरेका प्राय : त्यस्ता व्यक्ति विशेषहरूवाट मात्र संचालित भइरहेकोले यस पंचायती व्यवस्थाले प्रवर्तकको सदाशय र जनताको आकांक्षा वमोजिम राष्ट्रिय उन्नती र जनकल्याण गर्न सक्छ भन्ने मलाई लागेको छैन । त्यस्तै व्यवहारिक रूपमा पनि खास पन्चायत व्यवस्थाको लागि तन मन र धनले समर्पित शुद्ध कार्यकर्ताको विरूद्ध अवसरवादी मिथ्याचारी भ्रष्टाचारी व्यक्ति विशेषहरूलेमात्र प्रश्रय र प्रमुखता पाएको तथ्य सार्वजनिक प्रचारमा वार वार आइरहेको हुंदा व्यवस्थाले लोक सम्मति गुमाउदै असफलताको अन्धकारतिर लम्किरहेको र व्यवस्थाको उपर्युक्त सैद्धान्तिक र व्यवहारिक दुवै नीतिगत त्रुटिलाई वर्तमान अक्षम र असमर्थ प्रशासनले व्यवस्थाको अन्तको लागि ठूलो वल दिइरहेको पनि मैले महसुस गरेको छु ।आत्मवादी दर्शन को आधारमा कार्यकर्ताहरू तयार गरेर, तिनीहरूको माध्यमवाट जिल्ला जिल्लामा सैद्धान्तिक प्रचार, संगठन र रचनात्मक काम हुदै जाने हो भने यो पन्चायती व्यवस्था हाम्रो देशको निमित्त मात्र हितकारक होइन, विश्वका धेरै राष्ट्रहरूको निमित्त अनुकरणीय एवं कल्याणकारी बन्न सक्छ ।

१९. असंलग्न भन्ने शब्दको प्रचलन विश्वमा धेरै पछि मात्र भएको हो ता पनि अर्थात: असंलग्न परराष्ट्र नीति नै हाम्रो पुरानो नीति हो/ यस असंलग्न परराष्ट्रनीति लाई सम्पन्न संचालन गर्ने प्रवीणता र त्यस नीतिप्रतिको शाश्वत निष्ठावाट हाम्रो देशले आज सम्म प्रतिपक्षहीन अन्तर्राष्ट्रिय प्रतिष्ठा आर्जन गर्न सकेको हो । र उक्त हाम्रो असंलग्न परराष्ट्रनीति नै अन्तर्राष्ट्रिय लक्ष्यको अन्तिम रूप विश्वशान्तिको लागि को निश्छल योगदान हो भन्ने हामीलाई लागेको छ । किन कि विश्वशान्तिको आकांक्षा हाम्रो पुरानो औपनिषदिक आकांक्षा हो । जो अहिले पनि युगनायक श्री ५ वीरेन्द्र वाट शान्ति क्षेत्रको प्रस्ताव आदि र अरू पनि विश्वशान्ती सम्बन्धी उद्गारहरू द्वारा अभिव्यक्त भइरहेको छ ।

२०. प्रशासकहरूले आर्थिक दृष्टिवाट र मानवीय सेवा सिद्धान्तको दृष्टिवाट स्वयम् नियन्त्रीत अनुशासित हुने र आफ्नो कार्यालयमा अनुशासनको कार्यान्वयनमा वढी दृढता लिने गरेमा जन प्रशासन स्वत : प्रभावकारी हुदै जानेछ ।

२१. धर्म र संस्कृति मन्दा मैले आफ्नै वैदिक धर्म र संस्कृतिलाई नै सम्झेर भनि- रहेछु कि धर्म र संस्कृतिमा प्राचीन र अर्वाचीन भन्ने त कुरै हुंदैन । किन भने धर्म र संस्कृति को स्वरूप मा थोर वहुत परिवर्तन आउला, तर सारतत्व शाश्वत नै भएकोले त्यसमा परि - वर्तन आउन सक्दैन । जव यसका साथ विज्ञानको समन्वयको प्रश्न छ- विश्वको मानव मात्र को ऐहिक, पारलौकिक आत्यन्तिक हितार्थ विहित विभिन्न क्रियाकलाप रूप (यज्ञादि, अनुष्ठानादि, दानदातव्यादि) हाम्रो धर्म र तदनुकूल परिष्कृत रीति परम्परा रूप संस्कृतिले आजको विज्ञानभन्दा धेरै धेरै विकसित अवस्थामा पुगेको शुम्भ, निशुम्भ, हिरण्यकशिपु, रावण, कुम्भकर्ण आदिको त्रैलोक्यविजयका लोकलोकान्तरगामी सैनिक सामग्री विज्ञान, मयको गृह नगर निर्माण विज्ञान, भारद्वाजहरूको विमानादि यन्त्र निर्माण विज्ञान, अश्विनीकुमार- हरूको शल्यचिकित्सा विज्ञानलाई कतै विरोध गरेको पाईंदैन र मानव मात्रको अभ्युदय - कारक छ भने त्यस्तो विज्ञानलाई हाम्रो धर्म संस्कृतिले पछि पनि विरोध गर्ने छैन । तर विज्ञान ले नै उक्त हाम्रो धर्म र संस्कृतिको अथाह गाम्भीर्य र अचिन्त्य रहस्यको गरिमावाट स्वयम् पराभूत एवं अवहेलित भएको सम्झनु र शक्ति र उपयोगिताको दृष्टिले अशक्त एवं हास्यास्पद प्रतिस्पर्धा पनि राख्नु अर्को कुरा हो/आज भन्दा अझै अगाडि सिंढी उक्लेर विज्ञानले उन्नति गरे पनि महिमा र गरिमाको दृष्टिमा त्यसले हाम्रो धर्म र संस्कृतिको कुनै पनि क्षति पु-याउन पनि सक्दैन । महिमालाई होच्याउन, खोट्याउन पनि सक्दैन ।

२२. सरकारमा वसेका व्यक्तिहरूले विरोधी जमातको विरूद्ध आफ्नो वलसंवर्धनको लागि वर्षौंनी दुरूपयोग गर्ने गरेको मात्र राष्ट्रिय संपत्तिलाई कुलो नहर आदि मा खर्च गरेर सदु - पयोग गरि दिने र कृषि विकाश वैंकवाट व्याजदर घटाएर चक्रवृद्धी नपारीकन कृषिको नीति कृषकहरूलाई कृषि ऋण उपलब्ध गराइ दिने व्यवस्था भएमा कृषकहरू कृषि उत्पादनमा आत्मनिर्भर हुदै जाने छन् । किन्तु गाउं गाउं जिल्ला जिल्लामा कुटिर उद्योगको विकाश तर्फ र देशमा उत्पादन गरिन सकिने प्राथमिक आवश्यकताका वस्तुहरूको अन्तवाट आयात वन्द गर्ने तर्फ कटि वद्ध भएर सरकारले त्यस क्षेत्रमा यथासंभव निशुल्क लगानी गरि दिए उद्योग वाणिज्यमा धेरै ले सोचेको प्रगति आउन सक्ने थियो ।

२३. वौद्धिक जमातलाइ वढी भन्दा वढी आकर्षित गर्न र विकाशकार्यक्रममा सहभागी तुल्याउन त्यस जमाततमा यो विश्वास उत्पन्न गराइ दिन सक्नु प-यो कि "नारा मात्र होइन, प्रशासनका सवै अंगहरू विकाशको लागि समर्पित छन् र मुठीभर अवसर प्राप्त व्यक्ति हरूवाट शक्तिको दुरूपयोग गरेर कुनै मिथ्याचार भ्रष्टाचार भइ रहेको छैन ।"

२४. राष्ट्रिय योजनाको कार्यान्वयनको सम्वन्धमा मेरो धारणा के छ भन्ने प्रश्न पनि तेस्रो प्रश्नको उत्तरवाट समाहित हुन्छ भन्ने मलाई लाग्छ ।

२५. हाम्रो देशको तिव्र विकाशको लागि आवश्यक दुइ कुरा छन् ।(१) विकाशको लागि प्रयुक्त मैशिनरी निलोभ, ईमान्दार, देश भक्तिपूर्ण छ भन्ने व्यापक विश्वासको वातावरण र (२) त्यसपछि त्यस नीति आवश्यक साधन । यी दुइ मध्ये पनि दोश्रो आवश्यकताको पूर्ति मित्र राष्ट्रहरूको सहयोगवाट हुन सक्ने पनि देखिएकोले खास हाम्रो आवश्यकता पहिलो कुरा को नै छ ।

२६. उत्साह र आकांक्षाको भण्डार युवक समूह राष्ट्रको एक शक्ति हो/त्यसवाट राष्ट्रको विकास पनि हुन सक्छ, विनाश पनि/त्यसको (युवा शक्तिको) प्रयोग गरेर राष्ट्रको विकाश गर्ने कि विनाश गर्ने भन्ने कुरा मात्र आज छ, जो केवल प्रयोक्तामा निर्भर छ । त्यसैले राष्ट्रको सर्वाङ्गीण उन्नतीको निमित्त युवक समूहलाई अनुशासित र प्रशिक्षित तुल्याएर आदर्श मार्गतिर प्रवृत्त गराउने देश भक्तिपूर्ण दक्षता र सामर्थ्य यी दुइ गुण राज्यका संचालक तत्वहरू संग हुनु पर्छ । ती दुइटै गुण भएनन् भने गोठाला नभएका ढिंगा झैं देशका युवकहरू आफनो निमित्त मात्र होइन, स्वेच्छाचारी उच्छृङ्खल भएर देशको निमित्त पनि ज्यादै हानिकारक बन्न सक्छन् । हाम्रो आधुनिक युवा पिंढीको गतिविधी कुन रूपको हुँदै गएको छ भन्ने कुरालाई म एउटा कल्पित दृष्टान्तवाट संझाउछु

मर्कटस्य सुरापानम् ततो वृश्चिकदंशनम्
तन्मध्ये भूतसन्चारो यद्वा तद्वा भविष्यति

अर्थात स्वभावत : वानरको बाल अति चन्चले हुन्छ । एक ठाउं बसि रहन सक्तैन/त्यसमाथि त्यसलाई रक्सी खुवाइ दिनु, अनि त्यो कति उफ्रला/त्यस पछि फेरी त्यसलाई बिच्छीले पनि टोकाइ दिनु भन कति उफ्रला ? अनि त्यतिले नपुगेर फेरी त्यसको बीचमा भयंकर भयङ्कर विकृत अनुहारका रंगीविरङ्गी भूतप्रेतहरू समेत ल्याएर नचाइदिनु ! अनि होस हवास भएर, कति मच्चिएर, त्यो वानरको जमात उफ्रला ? जस्तो यसको वर्णन गरेर साध्य छैन, त्यस्तै आजका हाम्रा प्राय : युवकहरूमा जुन नैतिक उन्माद देखा परेको छ, त्यो पनि अवर्णनीय नै छ । किन भने उनीहरूमा उमेरले नै गर्दा विवेकहीन उत्साह र चाञ्चल्य सहज हुने नै भयो । त्यसमाथि केवल खानु, लाउनु, आमोद प्रमोद गर्नु सिवाय अर्को जीवन दर्शन नभएको भौतिकवादी आदर्शहीन, पाश्चात्य शिक्षाको प्रभाव, त्यसमाथि देशका वर्तमान विधायक तत्वहरू मा वर्तमान आर्थिक संग्रहको प्रतिस्पर्धाको दुषित संस्कारको प्रभाव, फेरी त्यसमाथि हजारौं हजारौं नव आगन्तुक विदेशी हिप्पी पर्यटक व्यसनी तत्वहरू को नानाथरी नसावादी संस्कारको संक्रमण ! यी कुराहरूवाट अब हाम्रो युवकहरूको भविष्य कस्तो ? र उनीहरूको आदर्शहीन उन्मत्त क्रियाकलापवाट राष्ट्रको भविष्य कस्तो ? उक्त आधुनिक युवा पिंढीप्रतिको मेरो धारणा यस्तो छ ---- " उक्त युवकहरूको अप्रतिम उत्साह र जाँगरलाई देशको सर्वाङ्गीण अभ्युदयको निमित्त प्रयोग गर्ने एक महान् उद्देश्यको पूर्तिको लागि युवकहरूमा राष्ट्रव्यापी राष्ट्रिय भावना, पूर्ण प्रजातान्त्रिक जागरण ल्याउन एक प्रबुद्ध कर्मयोगी निःस्वार्थ संगठनको देशमा खाँचो छ । देशमा सबै युवकहरू माथि उल्लेख भएकै किसिमका

(४) ०७ साल अघि र पछि, केही कतिपय कामहरू --

(क) ०१७ सालको राजनीतिक काण्डले (शुक्रराजहरूको प्राणदण्ड) ममा त्यस शासनप्रति घृणा र विद्रोह उत्पन्न भयो । त्यसैले त्यस सत्ताको उन्मूलन गर्ने काममा सहयोग पु-याउने मैले ह्दढ संकल्प गरें । तर आफूलाई राजाको आश्रय पनि थिएन । न त कुनै विदेशी शक्तिको पृष्ठपोषण, सहायता र त्यसको चाह । राजाको आश्रय पाएर एक दुई ओटा पर्चा छर्दा त ०१७ सालमा कतिले फाँसी र कतिले जिवनभर कैदको सजाय भोग्नुपरेको थियो । त्यो बेला काम गर्नु आज जस्तो सजिलो थिएन । कालसँग कुस्ती खेल्नु जस्तो थियो । त्यसैले बिचमा विघ्न नपरी, त्यस स्वतन्त्री निरङ्कुश सत्ताको खिलाफ देशव्यापी वातावरण सृजना गर्न सकियोस भनेर सांस्कृतिक लाटोबाट काम गर्ने संकल्प गरेर त्यही अनुसार संस्कृत शिक्षाको क्षेत्रलाई आफ्नो कार्यक्षेत्र बनाएर भिन्नभिन्न संस्कृतका छात्र भाइहरूलाई काम गर्ने प्रेरणा दिन थालें । जसको परिणामस्वरूप ०१९ साल देखि कतिपय छात्रहरू छात्रावासबाट निकालिन थाले । ०४ सालमा काठमाण्डौमै त्यसो ऐतिहासिक जयतु संस्कृतम् आन्दोलन हुनसक्यो । जुन आन्दोलनलाई सफल पार्न अग्रसर हुने त्यस बखतका संस्कृत छात्रहरूमा प्रमुख वीर, निर्भिक योध्दा छात्र युवकहरू सर्वश्री कमलराज रेग्मी, बलराम आचार्य, श्री भद्र शर्मा, राजेश्वर देवकोटा, काशीनाथ गौतम, अच्युतराज रेग्मी, गोवर्धनराज, पुस्करनाथ आदिको उत्सर्गपूर्ण क्रान्तिकारी क्रियाकलापबाट जयतुसंस्कृतम् आन्दोलन मात्र सफल भएको होइन, ०७ सालको क्रान्ति पनि सफल भएको हो । यो इतिहासलाई कसैले अपलाप गर्न सक्तैन ।

(ख) जयतु संस्कृतम् संगठनकै वीर कर्मठ छात्रहरूद्वारा तात्कालिक शासनसत्ता विरोधी, विद्रोही स्वर उठाउ "भाइ हो उठ! सिपाही दाइ आदि" कविता र छोटाकथाहरूको विभिन्न जिल्ला र गाउँ गाउँमा प्रचार प्रसार गरें, जो अनुत्टो र विप्लवको नामबाट क्रान्तिपछि छापि प्रकाशित गरिएका थिए र जसको भूमिकामा कवि सिध्दिचरण ज्यूले " यी कविता र कथाहरू ३-४ वर्ष अगाडि मैले सुनेको थिए र गाउँ गाउँमा भिन्न भिन्न प्रचार गरिन्थे " भनेर लेखि दिनु भएको छ र जुन कविता र कथाको भित्री प्रहारले तात्कालिक क्रूर शासनसत्ताको जरो मक्किएको थियो ।

(ग) ०४ सालको अन्त्यमा, गोर्खा कापकडाँडा गाउँमा ब्राह्मणले हलो जोत्न हुदैन भन्ने पुरानो अन्धपरम्परा तोडेर गरिब ब्राम्हण हरूको कल्याणको लागि स्वयं हलो जोतिदिएर स्थानिय ब्राम्हण समुदायलाई हलो जोत्ने प्रेरणा दिएं र ठूलो सामाजिक मर्का पुर्याएकोले स्थानीय ब्राम्हणहरूले आजसम्म पनि त्यसको श्रेय गाइरहेका छन् ।

(घ) राणाकालीन संसदमा शिक्षासदस्यको दुइ सिट चाहिं निर्वाचनबाट पूर्ति गरिने हुंदा उक्त निर्वाचनमा भाग लिन म उम्मेदवार भएको थिएं । शासकहरूले मलाई दलोत्साह तुल्याएर हराउन कतिपय पण्डित, प्रोफेसर र धनी स्नातक जमिनदारहरू मेरो विरोधमा उठाइदिएका थिए, प्रचारको समयमा मलाई कति पटक प्रतिबन्ध लगाए, थुने, शिक्षा संस्थाहरूमा जान भेट्न मनाही गरे, तर संस्कृत अंग्रेजी दुबै तर्फका तात्कालिक छात्र र शिक्षकहरूको विवेकले त्यस निर्वाचनमा विजयी भएर म संसदको सदस्य भएं र पहिलो बैठकमै " वर्तमान शासन प्रक्रियामा सुधार र परिवर्तन ल्याउन यस बैठकमा छलफल गर्न पाउनु पर्छ " भनेर प्रस्ताव राखें । तर त्यस प्रस्तावलाई बैठक बस्नेबित्तिकै स्पिकर श्री केसर शम्शेरज्यूले " फलानाको यो भनाईको निवेदन (प्रस्ताव शब्द नै राखेनन) को बारे अर्को नयाँको अधिवेशनमा मात्र विचार हुनेछ भनेर थन्क्याइदिनु भएको थियो ।

क्रमशः-

(ङ०) राष्ट्रपिता श्री ५ त्रिभुवनको सपरिवार भारत सवारी भएपछि श्री ५ अधिराजकुमार ज्ञानेन्द्र सरकारलाई गद्दीमा राख्नको लागि सहमति लिन गरिएको सिंहदरबारको भेलामा (मलाई चाहिँ राति ३ बजे पक्रेर लगिएको थियो) सबैलाई सहि कागजमा सहि गराइएको थियो । त्यसमा मैले चाहिँ सहमति नदिईकन "हाजिर मात्र, सहि पूर्ण प्रसाद ब्राम्हण" भन्ने लेखिदिएर फाल हालेको थिएँ । त्यो बखत ठूलो खतरा मोलेर राय नदिईकन म उम्केको हुँ ।

(च) त्यसरी उम्केर आएको हुनाले श्री नारदमुनि थुलुङ्जीको सल्लाह अनुसार म अन्डरग्राउन्ड बसें र त्यहाँ बसी बसिकन नै त्यसको चार पाँच दिन भित्रैमा त्रिचन्द्र कलेजका त्यस बखतका सक्रिय कार्यकर्ता छात्र जीवन लाल सत्याल जसिकि सँगै काठमाडौँमै रहने मध्येका जयतु संस्कृतम् का प्रमुख छात्र श्री अच्युतराज रेग्मी, मदन शर्मा (हाल स्वतन्त्र समाचारका सम्पादक) हरूको सम्पर्कद्वारा एक आफ्ना राजाको पक्षमा निरङ्कुश शासनको विरोधमा जुलुस, प्रदर्शन, आमसभा गर्ने प्रबन्ध गर्न लगाएँ र निश्चित दिन र समयमा, टेबुलमा उभिएर भाषण गर्न जाँदा श्री अच्युतराज रेग्मी, मदन शर्मा समेत म पक्रिएँ, थुनिएँ । यसरी जयतु संस्कृतम् संगठनको बलमा आफ्नो राजाले विदेशको शरण लिन बाध्य हुनुपरेको दुःखदायक देशको परिस्थितिको बोध, जागरण र उत्साह यहाँका नौजवानहरूमा जगाइदिएको हो, जसको परिणाम त्यसपछि राजधानीमा विरोधको विरोध हुन थाल्यो ।

(छ) क्रान्ति बन्द गर्ने हुकुम राष्ट्रपिता श्री ५ त्रिभुवनबाट भइसकेको र संसद् सदस्य पनि म भइसकेकोले थुनिरहन राम्रो हुदैन, फलानालाई तुरुन्त छोडिदिनू भन्ने आग्रह गरेर तात्कालिक भारतस्थित नेपाली राजदूत ज. सिंहशम्शेरले खबर पठाएकोले मलाई अरूलाई भन्दा अगाडि राति १२ बजे छोडन महाराज मोहन शम्शेर कहाँ सिंहदरबार लगे । मैले साथीहरूलाई छोडेर मैले एक्लै छुटन नपाउँने भन्दा भोलिपल्ट छोडिदिने प्रतिज्ञा महाराज मोहन शम्शेरले गरेको हुनाले मंजुर गरेर म छुटें । साथीहरूलाई पर्सिपल्ट छोडिदिए पनि ।

(ज) ०८ सालमा म सर्वप्रथम प्रजापरिषद्को सदस्य बनें । राणा कांग्रेस संयुक्त मन्त्रिमण्डल बाट्याउने बखत श्री टंकप्रसादजीहरू समेत म सेन्ट्रल जेलमा थुनिएँ र छुटेपछि प्रजापरिषद छोडेर राष्ट्रिय महासभाको सदस्य र थोरै समयभित्रै त्यस संस्थाको महामन्त्री भएँ र त्यस संस्थाद्वारा ०८ साल माघ ८ गते मुक्तिसेनाद्वारा विद्रोह गराउँदा कप्तान रामप्रसाद राई गोली लागेर मरे, अग्नि प्रसाद खरेल पक्रिएर थुनिए । म भागेर भारत पुगें । विद्रोह असफल भयो । जेल तोडेर हामीले सबै बन्दीहरू छोडिदिएकोले थुनिएका डा० के.आई. सिंह पनि छुटेका थिए । अनि उनी भागेर चीन पुगे । के.आई. सिंहलाई यस विद्रोहबारे कुनै कुरा पत्तो थिएन तापनि यस विद्रोहलाई के० आई० सिंह काण्ड भन्ने नामकरण गरियो । यसमा ठूलै कारण थियो । यहाँ लेखिरहनु अप्रासङ्गिक छ । सोपछि राष्ट्रपिता श्री ५ त्रिभुवन सरकारसामा म अहिंसक गान्धीवादी हुँ भनेर माफी पाउनको लागि बिन्ती गरें । माफी बक्सियो । अनि म नेपाल आएँ ।

(झ) सरकारबाट माफी बक्से तापनि, मैले थुनिन नपरे तापनि त्यस बखतको सरकारले मेरो वारेन्ट रद्द नगरेर, बोलाएको बेला हाजिर हुनुपर्ने भनेर मलाई डर र त्रासमा राख्ने नीति लिएको थियो । अझ आफ्नो पार्टी रा० महासभा पनि प्रतिबन्धित भएकोले मैले त्यो बाँकी निष्क्रिय भएर बस्नुपर्ने थियो तापनि गान्धीवादको नाम लिँदा विदेशिनुपर्ने संकटबाट मुक्ति पाएको तथ्यलाई सम्झेर त्यही गान्धीवादको (गान्धीवादी दर्शन) श्रद्धा र उत्कण्ठाका साथ अध्ययन गर्न लाग्दा मैले निष्क्रिय रहनु परेन । म त्यसैको अध्ययनमा सलग्न भएँ ।

(२४) राष्ट्रपिता त्रिभुवनको स्वर्गवास भएपछि राष्ट्रनायक श्री ५ महेन्द्र सरकारको दर्शनभेट पाएँ। उक्त दर्शनभेटमा मेरो वारेन्ट रद्द होस् र सर्वोदयवादी राजनीतिक संस्था खोलेर काम गर्न पाऊँ भनी मौखिक सरकारमा बिन्ती गरें। सरकारबाट निगाहसाथ अनुमति बक्सियो र ०१२ सालमा सर्वोदयवादी राष्ट्रिय जनराज्य परिषद् नामक राजनीतिक संस्था खोलेर आफ्नो गान्धीवादी राजनीतिको प्रचार कार्य प्रारम्भ गरें।

(२५) ०१५ सालमा नेपाली कांग्रेसको समानान्तर पार्टी (श्री भद्रकाली ज्यू, श्री गोपाल प्रसाद ज्यू हरूको), प्रजापरिषदको समानान्तर पार्टी (श्री जगत बहादुर ज्यू हरूको) डा० के० आई सिंहज्यूको संयुक्त प्रजातन्त्र पार्टीको समानान्तर पार्टी (संसेर चाँदज्यूहरूको) र प्रजापार्टी (दया निधिगुटको) का साथ हाम्रो रा० जनराज्य परिषदको मोर्चा भयो, केही समयपछि एकिकरण पनि भयो र रा० जनतापार्टी नामक एक नयाँ राजनीतिक संस्था बन्यो। अनि त्यस राष्ट्रिय जनतापार्टीको पनि प्रजापरिषद, संयुक्त प्रजातन्त्रपार्टी, र प्रजातान्त्रिक महासभाका साथ मोर्चा भएर प्रजातान्त्रिक मोर्चा नामक संस्था बन्यो र मुक्त मोर्चाको पार्टीहरू मध्ये मध्ये एक पार्टीको अध्यक्षको नाताले ०१५ सालको निर्वाचन हुनु अघि संविधान जनसमक्ष ल्याइयोस्, माघ २० सम्म पनि ल्याइँदैन भने हाम्रो पार्टीले निर्वाचनलाई बहिष्कार गर्नेछ भनेर मैले वक्तव्य दिएँ। तर उक्त म्यादभित्र संविधान लाई जनसमक्ष ल्याइँएन। त्यसैले मैले निर्वाचन बहिष्कार गरिदिएँ। र तात्कालिक मन्त्रिपरिषदको नाममा रिट गरें। त्यो रिटलाई पनि खारिज गरिदियो। त्यसपछि सरकारको डाक-आयातनीतिको विरोधमा हाम्रो प्रजातान्त्रिक मोर्चाले जुलुस आमसभाहरू गर्‍यो। यसरी विरोधी पार्टीको कर्तव्य पूरा गर्दा गर्दै ०१७ सालको काण्ड भयो। पार्टी प्रतिबन्ध लाग्यो। म पनि निष्क्रिय भएँ।

(२६) ०२० सालमा राष्ट्रिय निर्देशन परिषद गठन भयो, त्यसको अध्यक्ष स्वयं राष्ट्रनायक श्री ५ महेन्द्र नै हुनुहुन्थ्यो। म सदस्य सचिव थिएँ। राष्ट्रिय निर्देशन परिषदमा ३ वर्ष काम गरेपछि म निर्वाचन आयोगमा सारिएँ। त्यसमा पहिले सदस्य र पछि प्रमुख निर्वाचन आयुक्त बनाइएँ र त्यस पदमा लगभग चार वर्ष काम गरें।

(२७) त्यसपछि (०२८ साल माघ २६ देखि) घरैमा स्वतन्त्र अध्ययन र लेखलाप गरेर समय बिताउन थालें। गत वर्षको कार्तिक महिनादेखि देशमा भइरहेको गोमांस बिक्रीको र क्रिश्चियन धर्मद्वारा नेपालीहरूलाई धर्मान्तरण गराउने नीतिको विरोधमा प्रचार प्रसार गर्न लागें। यो सन्दर्भमा राइजिङ नेपाल पत्रिकालाई जनसमक्ष भूगोलपार्कमा जल हदिने धर्मको पर्चा गरेर गोमांस बिक्रीको विज्ञापन बन्द गराएँ। ०४१।३।२० का दिन गोमांस बिक्री गरे बापत सजाय दिने कानूनी व्यवस्था होस् र धर्मान्तरणमा संलग्न क्रिश्चियनहरूलाई प्रतिबन्धित गर्नको लागि बनिसकेको कानूनलाई कार्यान्वित गर्न प्रारम्भ गरियोस् भनेर पर्चाद्वारा रा० पं० सदस्यहरूमा अनुरोध पनि गरें।

(२८) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह र राष्ट्रनायक श्री ५ महेन्द्रको आदेशानुसार र आफ्नो सांस्कृतिक संस्कार अनुसार मेरो "राजतन्त्रं सदा जीव्यात्" र "जयतु संस्कृतम्" भावना कार्यान्वयन महासभाको संविधान नामक पुस्तिकामा उल्लेख भए अनुसारको काम गर्न गराउन सक्ने परिश्रम आजीवन गरिरहने सामूहिक इच्छा मेरो छ र नेपालीमा एक दुई ओटा खण्डकाव्य, महाकाव्य र संस्कृतमा एक दुइटा उपन्यास लेख्ने मेरो व्यक्तिगत इच्छा छ। र त्यसतर्फ प्रारम्भ पनि भइरहेको छ।

(२९) मेरो पिताजीको नाम पं० देवीदत्त हो, माताजीको नाम रुक्मिणी देवी हो। मेरो पारिवारिक जीवन त्यसरी नै चलेको छ, तर सार्वजनिक तपस्वीको पारिवारिक जीवन उसको सम्पत्तिहीन घरमा जस्तो चलेको हुन्छ।

(३०) विविध कुरा मेरो आत्मकथामा पाठकहरूले पढ्नेछन्। यसगरी म पाँच छ पटक पक्राउ र थुनिएँ र त्यो बेला राज्यको प्रकृति बारे मैले के अध्ययन गरें, त्यसमा प्रकाश पार्ने मेरा अनुभवहरू, दृष्टिकोणहरू त्यसमा अध्ययनीय हुनेछन्।



# श्री पूर्णप्रसाद ब्राम्हण

राष्ट्र, राजमुकुट र पञ्चायती व्यवस्थाका कट्टर समर्थक श्री पूर्णप्रसाद ब्राम्हणको जन्म वि. सं. १९७९ मा गोरखा जिल्लाको काफलडाँडा गाउँमा भएको थियो । आफूलाई कृषि पेशामा संलग्न देखाउने राजसभाका सदस्य श्री ब्राम्हण वनारसवाट दर्शनमा आचार्य परीक्षामा उत्तीर्ण हुनुभएको छ ।

विदेशको राजनीतिक दलाली, साम्प्रदायिक क्षुद्रभावना संस्कृति र संस्कृत भाषाको निन्दा भएको अति मन नपराउने राष्ट्रियताका हिमायती श्री ब्राम्हणका मनपर्ने विषय र इच्छा सार्वजनिक सेवा कार्य गर्ने हुन् ।

२००४ सालमा ''जयतु संस्कृतम्'' को नारा दिई एकतन्त्री राणाहरुको विरोधमा उत्रनुहुने हाल गोमांस बिक्रीको र क्रिश्चियनहरुबाट भिन्न भिन्न भइरहेको धर्म परिवर्तनकारी कुनीतिको विरोधमा संलग्न देखिनुभएका उहाँले देशका विभिन्न जिल्लाहरुको भ्रमणका साथै भारतको पनि भ्रमण गर्नुभएको छ ।

श्री ब्राम्हणवाट विभिन्न लेख, रचनाका साथै सत्य हरिश्चन्द्र-विश्वेदेवा, तदर्थमेव, ईशावास्यवृत्ति, एक्काइस कथा, झिल्का, म लोग्ने हुँ,

( २७७ )

अनुठो भाकि पुस्तक लेखी प्रकाशन भइसकेका छन् भने उहाँबाट लिखित एकतीस कथा, एघार कथा र कविता–संग्रह नेपाल राजकीय प्रज्ञा-प्रति-ष्ठानलाई प्रकाशनका लागि हस्तान्तरण भइसकेका छन्। उहाँले अन्य धेरै पुस्तकहरू प्रकाशनका लागि तयार गर्नुभएको छ भने केही पुस्तकहरू धमाधम छापिंदै पनि छन्।

श्री ५ पृथ्वीनारायण शाह, स्व. श्री ५ महेन्द्र तथा महात्मा गान्धी-लाई आफ्नो प्रेरणाको स्रोत मान्ने उहाँ श्री ५ महेन्द्रको स्वर्गारोहण भएका दिनलाई अविस्मरणीय दुःखको दिन भनेर संझना गर्नुहुन्छ।

प्रजातन्त्र हुनुभन्दा १।४ वर्ष अघिदेखि जिल्लाका जनताहरूको बोलमा भिन्न भिन्न राणाशासन विरूध्द विद्रोही कथा, कविता प्रकाशित गरी प्रचार गरेको, प्रजातन्त्र भए पछि सर्वोदय भावनाको प्रचार गरेको कार्यहरू आफ्ना महत्वपूर्ण काम संझने उहाँ राणाकालमा संस्कृत शिक्षाका लागि क्रान्तिकारी आवाज उठाउने स्वाभिमानी व्यक्ति हुनुहुन्थ्यो। राणाशासनको समयमा ब्राम्हणले हलो जोत्नु हुँदैन भन्ने पुरानो भएको परम्परा तोडेर गरीब ब्राम्हणहरूको कल्याणका लागि स्वयं हलो जोतिदिएर ब्राम्हण समुदायलाई हलो जोत्ने प्रेरणा दिएँ भन्ने श्री पूर्णप्रसाद ब्राम्हण राणाकालीन संसदमा सदस्य बनी शासन प्रक्रियामा सुधारल्याउन जोड पनि गर्नुभएको थियो। राणाहरूका कैयौं कुण्ठा खपेर संघर्षमा उत्रनुभएका श्री ब्राम्हण राणाहरूका पिंजडामा केही समय संसद सदस्य नै भएका समयमा पनि बस्नुभयो २००८ मा उहाँ प्रजापरिषद्का सदस्य हुनुहुन्थ्यो। त्यही समय उहाँ पुनः जेल पर्नु-भयो र जेलबाट छुटकारा पाएपछि प्रजापरिषद् छाडेर राष्ट्रिय महासभाको सदस्य हुनुभयो र थोरै समयमै त्यस संस्थाको महामन्त्री पनि रहनुभएका ब्राम्हणजी आफ्नै संस्थाद्वारा मुक्ति सेनाबाट विद्रोह गराईंदा कैयौं मरे, कति जेल परे, तर उहाँ भागेर भारत जानुभयो। विद्रोह असफल भयो तर जेल तोडिएर सबै बन्दी छाडिएकाले स्व. डा. के. आई. सिंह पनि छाडिनु-भयो। यस विद्रोह बारे स्व. के. आई सिंहलाई केही थाहा थिएन तर पनि उहाँ चीनमा शरण लिन पुग्नुभयो। यस काण्डको नाम के. आई. सिंह काण्ड भन्ने रह्यो। ब्राम्हणजी भने म गान्धीवादी हुँ भनी बिन्ति पत्र दिंदा माफी बक्सेर नेपाल पाल्नुभयो। २०१२ सालमा सर्वोदयवादी राष्ट्रिय जन-राज्य परिषद् नामक राजनीतिक संस्था खोलेर आफ्नो गान्धीवादी

राजनीतिको प्रचारकार्य प्रारम्भ गर्नुभएका श्री पूर्णप्रसाद ब्राम्हणले विभिन्न व्यक्ति र संगठनहरूमा केही समय कार्यहरू गर्नुभयो । २०१७ को काण्ड भए-पछि सबै पार्टी संगठनहरू निलम्बन हुँदा उहाँ पनि निस्क्रिय रहनुभयो । २०२० सालमा गठित राष्ट्रिय निर्देशन परिषद्का अध्यक्ष स्वयं स्व. श्री ५ महेन्द्रले उहाँलाई त्यस परिषद्को सदस्य-सचिवमा नियुक्त गरिबक्स्यो । त्यसपछि निर्वाचन आयोगका सदस्य नियुक्त हुनुभएका श्री ब्राम्हण आफ्नो कार्य कुशलताको विजयले प्रमुख निर्वाचन आयुक्तमा पदोन्नति गरिनुभयो ।

असंलग्नता र शान्तिक्षेत्रको बारेमा बोल्दै सक्रिय पञ्चायती व्यक्तित्व श्री ब्राम्हण भन्नुहुन्छ "असंलग्न भन्ने शब्दको प्रचलन विश्वमा धेरै पछि मात्र भएको हो तापनि असंलग्न परराष्ट्रनीति नै हाम्रो पुरानो नीति हो, यस असंलग्न परराष्ट्रनीतिलाई सञ्चालन गर्ने प्रवीणता र त्यस नीति-प्रतिको शाश्वत निष्ठाबाटै हाम्रो देशले आजसम्म प्रतिपक्षहीन अन्तर्राष्ट्रिय प्रतिष्ठा आर्जन गर्न सकेको र उक्त नीति नै अन्तर्राष्ट्रिय लक्ष्यको अ-न्तिम रूप विश्व शान्तिको लागिको निश्छल योगदान हो । विश्व शान्तिको आकांक्षा हाम्रो पुरानो औपनिषदीय आकांक्षा हो । जो अहिले पनि युगनायक श्री ५ वीरेन्द्रबाट शान्ति क्षेत्रको प्रस्ताव आदि र अरू पनि विश्वशान्ति सम्बन्धी उद्‌गारहरूद्वारा अभिव्यक्त भइरहेको छ ।"

आजको विश्व परस्पर रागद्वेष, हिंसा, प्रतिहिंसा, युद्ध संघर्षको भावनाले ग्रस्त छ । संस्कृत भाषा निष्पक्ष विश्वबन्धुत्व भावनाको सार्वभौम प्रचार-प्रसार र तदनुकूल कार्यान्वियनको शुभ-प्रारम्भ भएन भने त्यसको भवि-ष्य निश्चित छ, जसमा विकराल विश्वयुद्ध र रोमाञ्चकारी नर संहार अपरि-हार्य छ भन्ने कुरामा ब्राम्हणजी पछि पर्नुहुन्न ।

साम्यवादी दृष्टिकोणमा उहाँ भन्नुहुन्छ –"आर्थिक पक्षलाई हेर्ने हो भने साम्यवादी सिद्धान्तलाई इन्कार्न सकिँदैन तर बिल्कुल भौतिकवादी जीवन दर्शनको सीमाभित्र मात्र चिन्तित हुन पुगेकोले प्लेटोको दार्शनिक राजसंस्था वा राजर्षिहरूको आदर्श राजतन्त्र व्यवस्थाको तुलनामा यो नितान्त तल्लो र निम्न छ ।" त्यस्तै संसदीय प्रणाली विषयमा बोल्दै उहाँ भन्नुहुन्छ-- हाम्रो जस्तो आर्थिक स्थितिभएको मुलुकमा संसदीय प्रणाली फस्टाउन सक्तैन । यो प्रणाली नाममा विकृत मात्र भएको देखिन्छ । अतः बलियो राजतन्त्रको आडमा जागरूक राजनैतिक विद्वान्‌हरूबाट देशमा नवयुवक-

( २७९ )

हरुलाई संसदीय व्यवस्थाको महत्वपूर्ण गुणहरु संझाएर त्यस व्यवस्थाको कार्यान्वयनको लागि प्रशिक्षित र योग्य तुल्याउँदै लान सक्नुपर्दछ ताकि भविष्यमा त्यस्ता उपर्युक्त राजनीतिक मिथ्याविचारको अभिवृद्धिबाट देश विघ्न नपाओस् र देशको संसदीय व्यवस्था राम्रोसंग चल्न सकोस् ।"

आत्मवादी दर्शनको आधारमा कार्यकर्ताहरु तयार गरेर तिनीहरूको माध्यमबाट सङ्गठन र रचनात्मक काम हुँदै जाने हो भने पञ्चायती व्यवस्था हाम्रो देशको निम्ति मात्र हितकारक होइन, विश्वका धेरै राष्ट्रहरूको निम्ति अनुकरणीय र कल्याणकारी हुनसक्दछ भन्ने दृढ विश्वास राख्नुहुने पञ्चायती दर्शनका होनहार कार्यकर्ता श्री ब्राम्हणज्यू जन-प्रशासन प्रभावकारी बनाउने सल्लाह दिंदै "प्रशासकहरूले आर्थिक दृष्टिबाट मानवीय सेवा सिद्धान्तको दृष्टिबाट स्वयं नियन्त्रित र अनुशासित हुने र आफ्नो कार्यालयमा अनुशासनको कार्यान्वयमा बडो दृढता लिने गरेमा जनप्रशासन स्वतः प्रभावकारी हुँदै जानेछ" भन्नुहुन्छ ।

नैतिक र इमान्दार व्यक्तित्वको रूपमा प्रख्यात हुनुभएका श्री ब्राम्हण धर्म र संस्कृतिमा बोल्दै भन्नुहुन्छ "धर्म र संस्कृति भन्दा मैले आफ्नो बौद्धिक धर्म र संस्कृतिलाई नै संझेर मानिरहेको छु, धर्म र संस्कृतिमा प्राचीन र अर्वाचीन भन्ने त कुरै हुँदैन। किन भने धर्म र संस्कृतिको स्वरूपमा थोर वहुत परिवर्तन आउला तर सारतत्व शाश्वत नै भएकाले त्यसमा परिवर्तन आउन सक्तैन ।"

कृषि उत्पादनमा जोड दिनका लागि सरकारमा बसेका व्यक्तिहरूले विरोधी जमातको विरुद्ध आफ्नो बलसम्बर्ध्दनका लागि वर्षेनी दुरुपयोग गरेको मात्र राष्ट्रिय सम्पत्तिलाई कुलो नहर आदिमा खर्च गरेर सदुपयोग गरिदिएमा कृषि उत्पादनमा वृद्धि हुन जानेछ ।

आफू पनि नेपाली बुद्धिजीवीका अग्रिम पंक्तिमा आउनुहुने श्री ब्राम्हण बौद्धिक जमातका विषयमा भन्नुहुन्छ कुनै पनि बौद्धिक जमातमा त्यो विश्वास हुनुपर्थ्यो कि " नारामात्र होइन, देशका सबै अंग विकासका लागि अग्रसर र समर्पित छन्, तर मुठ्ठीभर अवसर प्राप्त व्यक्तिहरूबाट शक्तिहरूको दुरुपयोग गरेर कुनै मिथ्याचार भ्रष्टाचार भइरहेको छ ।"

हाम्रो देशको तीव्र विकासका लागि इमान्दारिता, देशभक्ति, नीति र साधनको आवश्यकतामा जोड दिनुहुने उहाँ– युवापिढीप्रति आशा-

नारी हुँदै "उत्साह र आकांक्षाको भण्डार युवा समूह राष्ट्रको एक शक्ति हो। त्यसबाट राष्ट्रको विकास पनि हुनसक्छ र विनाश पनि हुनसक्छ" भन्ने दृष्टिकोण राख्नुहुन्छ।

आफ्नो भावी योजना बारे प्रकाश पार्दै अतिसरल र स्पष्टवक्ता-का रूपमा प्रख्यात रहनुभएका ब्राम्हणजी भन्नुहुन्छ "पृथ्वीनारायण शाह र स्व. श्री ५ महेन्द्रको सदिच्छानुसार र आफ्नो संस्कृति संस्कार अनुसार मेरो "राजतन्त्र सदा जीव्यात्" र " जयतु संस्कृतम्" भावना कार्यान्वयन महासभाको संविधान नामक पुस्तिकामा उल्लेख भए अनुसारको काम गर्ने र गराउने इच्छाका साथै नेपालीका एक दुईवटा खण्ड–काव्य, महा–काव्य र संस्कृतमा एक दुइटा उपन्यास लेख्ने व्यक्तिगत इच्छा रहेको छ।"

पं. देवीदत्त र रूक्मिणीदेवीका सुपुत्र श्री ब्राम्हणको पारिवारिक जीवन त्यसरी नै चलेको छ, कुनै सार्वजनिक तपस्वीको पारिवारिक जीवन उसको सम्मतिहीन घरमा जसरी चलेकोहुन्छ, त्यस्तै तर पनि शान्ति, आनन्द र सु-मधुर पारिवारिक जीवन ब्राम्हणज्यूको देखिन्छ। उहाँ जस्ता प्रतिभा-को राष्ट्रले कुनै पनि ठाउँमा सदुपयोग गर्नुपर्ने आवश्यकता भएको छ र उहाँ जस्तो इमान्दार तथा नैतिक व्यक्तित्वको यो देशमा सदा खाँचो भइरहेको छ।

( २८१ )

सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राह्मण

nai.com.np
nai.com.np@gmail.com

१९३

ISBN 978-9937-786-28-7



नरेन्द्रराज प्रसाई

मेरा बुबा र दाजु नरेन्द्रराज प्रसाईको आत्मीय सम्बन्ध थियो । नरेन्द्र दाइ घरीघरी बुबालाई भेट्न हाम्रा घरमा आइरहनुहुन्थ्यो र उहाँ आउँदा बुबा पनि दङ्ग पर्नुहुन्थ्यो । बुबाको जीवनकालमा नरेन्द्र दाइले बुबाका प्रसङ्गमा केही न केही लेखिरहनुभएको पनि थियो । नरेन्द्र दाइका कृतिहरूमा पनि बुबाका बारे छापिएका सन्दर्भ र दाइ गीतकार र म गायक भएका नाताले म दाइसित झन् नजिकै पनि हुन पुगेँ ।

नरेन्द्र दाइले बयालिस वर्षअघि लिनुभएको बुबाको अन्तर्वार्ता अहिलेसम्म सुरक्षित राखेर प्रकाशित गर्नुभएको तथ्यले हाम्रो परिवार सुखद आश्चर्यमा परेको छ । हामीलाई यस्तो खबरले गौरवान्वित पारेको छ किनभने यो कृतिले बुबालाई सम्मान गरेको मैले महसुस गरेको छु । आजको नेपालमा नरेन्द्र दाइजस्ता बुबाका सच्चा चेला देख्न पाउँदा हामीलाई असाध्यै खुसी लागेको छ ।

बुबाको अन्तर्वार्ता नरेन्द्र दाइमार्फत मैले पढ्ने मौका पाएँ । प्रस्तुत 'सांस्कृतिक योद्धा पूर्णप्रसाद ब्राह्मण'नामक अन्तर्वार्ताकृतिले बुबाको सङ्क्षिप्त जीवनगाथाका साथै तत्कालीन राष्ट्र र समाजबारेको इतिहास पनि बुझाएको छ । त्यति बेला बुबाले भन्नुभएका कुरा यति बेलाको हाम्रो देशको परिप्रेक्ष्यमा उपयोगी हुनेछ भन्ने मलाई लागेको छ ।

● जनार्दन शर्मा